# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (कर्णाली प्रदेश)

## वार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०७८/७९)





नेपाल राष्ट्र बैंक
सुर्खेत कार्यालय

२०७९ पुस

# भूमिका

**नेपाल राष्ट्र बैंक ऐन, २०५८** को **दफा १२** अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्ने गर्दछ । साथै, नेपाल राष्ट्र बैंकले यस देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरुपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ ।

आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको विश्लेषणबाट देशको आर्थिक विकासको अवस्था, यसको आधार एवम् गुणस्तरको जानकारी प्राप्त हुने हुँदा दिगो आर्थिक वृद्धि तथा स्थायित्व प्राप्त गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ । आर्थिक गतिविधिको विश्लेषण, अनुमान तथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय सूचना तथा तथ्याङ्क भएकोले यस्तो सूचना तथा तथ्याङ्कको माध्यमद्वारा अर्थतन्त्रको विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावहरुमार्फत नेपाल राष्ट्र बैंकले नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउँदछ ।

संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरुपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संसोधन २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय मार्फत कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस प्रदेशका १० जिल्लाहरुमध्ये मुगु र हुम्ला जिल्लाबाट गैरस्थलगत र बाँकी ८ जिल्लाहरुबाट स्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७८/७९ को वार्षिक जिल्लागत तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार पारिएको छ ।

यस प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । साथै, आगामी दिनहरुमा पनि सम्बन्धित सरोकारवाला निकायको साथ र सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने सहायक निर्देशक श्री पूर्ण बहादुर मौराती नेपालीलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायकत्रय श्री सुगम थापा, श्री बिरजित रोकाया र श्री पंख प्रसाद आचार्यलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग गर्ने अन्य इकाई तथा फाँटका कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

**बिनय सिग्देल**
**उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय**

# विषय-सुची


**परिच्छेद १ परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययन विधि, संरचना र तथ्याङ्क संकलन १

१.४ अध्ययन प्रतिवेदनको सीमा २

१.५ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २ प्रदेशको तुलनात्मक स्थिति** **३**

२.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तरप्रदेश तुलना ३

२.३ प्रदेशगत जनसंख्या वितरण ५

२.३.१ प्रदेशगत जनसंख्याको हिस्सा ५

२.३.२ प्रदेशगत जनसंख्या परिवर्तन ५

२.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ६

२.४.१ प्रादेशिक क्षमता र सम्भावना ६

२.४.२ प्रादेशिक चुनौती ७

**परिच्छेद ३ कृषि क्षेत्र** **८**

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ८

३.१.१ खाद्य तथा अन्य बाली ८

३.१.२ तरकारी तथा बागवानी ९

३.१.३ फलफुल तथा मसला ९

३.२ कृषि उत्पादन १०

३.२.१ खाद्य तथा अन्य बाली १०

३.२.२ तरकारी तथा बागवानी ११

३.२.३ फलफुल तथा मसला १२

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १४

३.३.१ पशुजन्य उत्पादन १४

३.४ वनजन्य उत्पादन १४

३.५ सिंचाइ १४

३.६ क्षेत्रगत कृषि कर्जा १५

३.७ कृषि क्षेत्रका चूनौती र सम्भावना १५

| | |
|---|---|
| ३.७.१ चूनौती | १५ |
| ३.७.२ सम्भावना | १६ |
| **परिच्छेद ४ उद्योग क्षेत्र** | **१७** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १७ |
| ४.१.१ उद्योगको क्षमताको उपयोग | १७ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| ४.३ औद्योगिक क्षेत्रको चूनौती र सम्भावना | १९ |
| ४.३.१ चूनौती | १९ |
| ४.३.२ सम्भावना | २० |
| **परिच्छेद ५ सेवा क्षेत्र** | **२१** |
| ५.१ पर्यटन | २१ |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| ५.३ वित्तीय सेवा | २२ |
| ५.३.१ वित्तीय पहुँचको अवस्था | २२ |
| ५.३.२ निक्षेप तथा कर्जाको स्थिति | २४ |
| ५.३.३ अन्य वित्तीय विवरण | २५ |
| ५.३.४ विपन्नवर्ग कर्जा, सहुलियतपूर्ण कर्जा र पूनरकर्जा | २६ |
| ५.३.५ फण्ड ट्रान्सफर | २७ |
| ५.४ यातायात तथा संचार | २७ |
| ५.५ शिक्षा तथा स्वास्थ्य | २८ |
| ५.६ सेवा क्षेत्र कर्जा | २९ |
| ५.७ सहकारी क्षेत्र | ३० |
| ५.८ सेवा क्षेत्रको चूनौती र सम्भावना | ३२ |
| ५.८.१ चूनौती | ३२ |
| ५.८.२ सम्भावना | ३२ |
| **परिच्छेद ६ पूर्वाधार र रोजगारी** | **३३** |
| ६.१ पूर्वाधार क्षेत्र | ३३ |
| ६.१.१ सडक | ३३ |
| ६.१.२ विद्युत | ३४ |
| ६.२ पूर्वाधार क्षेत्रका चूनौती र सम्भावना | ३५ |
| ६.२.१ चूनौती | ३५ |

६.२.२ सम्भावना ३५
६.३ रोजगारी ३६
६.३.१ वैदेशिक रोजगारी ३६
६.३.२ आन्तरिक रोजगारी ३६
६.४ रोजगारीका चूनौती र सम्भावना ३६
६.४.१ चूनौती ३६
६.४.२ सम्भावना ३७
**परिच्छेद ७ संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना ३८**
७.१ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना ३८
७.२ प्रादेशिक सरकारी वित्त ३९
**परिच्छेद ८ आर्थिक परिदृष्य ४१**
८.१ कृषि उत्पादन ४१
८.२ औद्योगिक उत्पादन ४१
८.३ सेवा क्षेत्र ४१
८.४ पूर्वाधार क्षेत्र ४२

## तालिका सुची


तालिका १: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत हिस्सा तथा क्षेत्रगत योगदान ३
तालिका २ : प्रादेशिक आर्थिक परिसुचकहरु ४
तालिका ३: कृषि उपजले ढाकेको भु-क्षेत्र (जिल्लागत) १०
तालिका ४: प्रमूख कृषि बालीको उत्पादन (जिल्लागत) १३
तालिका ५: कर्णाली प्रदेशमा सिंचाईको अवस्था (हेक्टर) १४
तालिका ६: जिल्लागत कृषि कर्जा (रु.दश लाख) १५
तालिका ७: जिल्लागत औद्योगिक कर्जा (रु.दश लाख) १९
तालिका ८: बैंक तथा वित्तीय संस्थाको संख्या (जिल्लागत) २२
तालिका ९: सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था २८
तालिका १०: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण (कर्णाली प्रदेश) ३६
तलिका ११: आ.व. २०७८/७९ को असार मसान्त सम्मको वित्तीय तथा भौतिक प्रगती ३८
तालिका १२: कर्णाली प्रादेश सरकारको सरकारी वित्त स्थिती (रु करोड) ३९
तालिका १३: कंर्णाली प्रदेशका प्रमुख पाँचवटा स्थानीय तहको वित्तीय विवरण (रु. करोड) ४०

## रेखाचित्र सूची


| | |
|---|---|
| रेखाचित्र १: प्रदेशगत जनसंख्या वितरण | ५ |
| रेखाचित्र २: जनसंख्या वृद्धिदर (प्रदेशगत) | ५ |
| रेखाचित्र ३: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हेक्टर) | ८ |
| रेखाचित्र ४: प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र (हेक्टर) | ९ |
| रेखाचित्र ५: खाद्य तथा अन्य बाली उत्पादन (मेट्रिक टन) | ११ |
| रेखाचित्र ६: फलफुल उत्पादन (मेट्रिक टन) | १२ |
| रेखाचित्र ७: प्रमूख कृषि बालीको उत्पादन (प्रतिशत) | १३ |
| रेखाचित्र ८: उद्योगको क्षमता उपयोगको अवस्था | १७ |
| रेखाचित्र ९: औद्योगिक उत्पादन (मे.टन) | १८ |
| रेखाचित्र १०: क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशत) | १८ |
| रेखाचित्र ११: घरजग्गा कारोवारको अवस्था | २२ |
| रेखाचित्र १२: एटिएम बुथ संख्या (जिल्लागत) | २३ |
| रेखाचित्र १३: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति (रु. दश लाख) | २४ |
| रेखाचित्र १४: कर्णाली प्रदेशको कर्जा निक्षेपको अनुपात (प्रतिशतमा) | २४ |
| रेखाचित्र १५: निक्षेप तथा कर्जाको जिल्लागत स्थिति | २५ |
| रेखाचित्र १६: समीक्षा वर्षमा कुल निक्षेपको संरचना (प्रतिशत) | २५ |
| रेखाचित्र १७: सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा र पूनरकर्जाको विवरण (रु.दश लाख) | २६ |
| रेखाचित्र १८: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था | २७ |
| रेखाचित्र १९: यातायात साधनको संख्या | २७ |
| रेखाचित्र २०: सरकारी/सामुदायिक अस्पतालको संख्या (जिल्लागत) | २८ |
| रेखाचित्र २१: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा (जिल्लागत) (रु. दश लाख) | २९ |
| रेखाचित्र २२: क्षेत्रगत सेवा कर्जा (रु. दश लाख) | २९ |
| रेखाचित्र २३: बचत तथा ऋण सहकारी संस्थाको अवस्था (रु. दश लाख) | ३० |
| रेखाचित्र २४: सडक सञ्जाल (किलोमिटर) | ३३ |
| रेखाचित्र २५: विद्युत उत्पादन (मेगावाट आवर) | ३४ |
| रेखाचित्र २६: कर्णाली प्रदेशको चालू तथा पुँजीगत खर्च विवरण (रु. करोड) | ३९ |

# कार्यकारी सारांश

कर्णाली प्रदेशका १० जिल्लाहरुमध्ये ८ जिल्लाहरु सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, रुकुम पश्चिम, कालिकोट, डोल्पा र जुम्लाको स्थलगत र बाँकी २ जिल्लाहरु मुगु र हुम्ला जिल्लाको गैरस्थलगत अध्ययनबाट तयार पारिएको यस प्रदेशको आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

**समष्टिगत आर्थिक स्थिति**

१. केन्द्रिय तथ्याङ्क विभागको पछिल्लो प्रकाशन अनुसार आर्थिक वर्ष २०७८/८९ मा नेपालको आर्थिक वृदिदर ५.८४ प्रतिशतले हुने अनुमान छ । यस्तो वृद्धिदर गत अवधिमा ४.२५ प्रतिशत रहेको थियो । यस प्रदेशको आर्थिक वृद्धिदर ५.४७ प्रतिशत रहने अनुमान रहको छ । फलस्वरुप यस प्रदेशको आर्थिक स्थतिमा पनि सकारात्मक प्रभाव देखिएको छ ।

२. आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको कुल ग्राहस्थ उत्पादन ५.४७ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धिदर ४.३४ प्रतिशत रहेको थियो । राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा यस प्रदेशको योगदान ४.१ प्रतिशत रहने अनुमान रहेको छ । पछिल्लो समय यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटनमा सुधार आई सेवा क्षेत्रको विस्तार र कृषि तथा उद्योग क्षेत्रमासमेत सुधार आएकाले कर्णाली प्रदेशको समग्र आर्थिक स्थितिमा सुधार देखिएको हो ।

**कृषि क्षेत्र**

३. आर्थिक वर्ष २०७७/७८ को असार मसान्तको तुलनामा आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ३.७५ प्रतिशतले घटेको छ ।

४. प्रमुख बालीहरुमध्ये समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ११.४८ प्रतिशतले घटेको छ । त्यस्तै, मकै, गहुँ र जौ बालीले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा क्रमशः ८.६५ प्रतिशत, ५.७८ प्रतिशत र ०.३६ प्रतिशतले घटेको छ । कोदो बालीले ढाकेको क्षेत्रफल ५.८१ प्रतिशतले वृद्धि हुँदा फापर बालीले ढाकेको क्षेत्रफलमा ४९.५३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, भट्मास र दलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः २.०८ प्रतिशत, र १२.७७ प्रतिशतले वृद्धि भएको छ भने तेलहन बालीले ढाकेको क्षेत्रफल २.६१ प्रतिशतले घटेको छ ।

५. समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी तथा वागवानी बालीले ढाकेको क्षेत्रफल क्रमशः ७ प्रतिशत र १९.०३ प्रतिशतल वृद्धि भएको छ ।

६. समीक्षा वर्षमा मकै, जौ, बागवानी, आँप, मसला आदिको उत्पादनमा वृद्धि भएको कारण यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २३.८० प्रतिशतले वृद्धि भएको छ ।

७. खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषिबालीमा धान बालीको उत्पादन २१.५० प्रतिशतले घटेको छ भने मकै उत्पादन २.०१ प्रतिशतले बढेको छ । कोदो र फापरको उत्पादन क्रमशः ४०.९० प्रतिशत र ९.४१ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा फापर बालीले ढाकेको क्षेत्रफलमा बढोत्तरी आएको भएपनि उत्पादकत्वमा गिरावट आएका कारण यस बालीको उत्पादन घटेको अनुमान गर्न सकिन्छ ।

८. यस प्रदेशमा समीक्षा वर्षमा दूध उत्पादन ७.३८ प्रतिशतले बढेको छ । त्यस्तै, माछा उत्पादन ५१.३६ प्रतिशतले बढेको छ भने मासु र अण्डा उत्पादन क्रमशः १६.८४ र ५.१२ प्रतिशतले घटेको छ ।

९. समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल खेतीयोग्य जमिन २ लाख २३ हजार ३ सय ९१ हेक्टरमध्ये १ लाख ३२ हजार ४ सय ४० हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । जसमध्ये ५३ हजार ५ सय ४ हेक्टर क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ ।

१०. २०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्ष सोही वर्षको तुलनामा २६.१७ प्रतिशतले बढेर रु.४ अर्ब ९५ करोड ३९ लाख पुगेको छ । कृषिमा आधुनिकिकरण तथा व्यवसायीकरण, बजारको विस्तार, पुर्वाधारको पहुँच, सिंचित कृषिभुमीमा भएको विस्तार तथा वित्तिय पहुँच अभिवृद्धि जस्ता कारणहरुले गर्दा स्थानीयको कृषिमा संलग्नता बढेसँगै कृषि कर्जाको माग तथा सदुपयोगिता बढेको देखिन्छ ।

## उद्योग क्षेत्र

११. आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कर्णाली प्रदेशमा जम्मा ३ हजार ५ सय २६ वटा कम्पनी दर्ता भएका छन् । त्यस्तै, कर्णाली प्रदेशमा संचालनमा आएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या २९ हजार २ सय ४८ पुगेको छ ।

१२. समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ६.६९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा ५२.२६ प्रतिशतले घटेको औद्योगिक कर्जा रु. ३ अर्ब ६७ करोड ४७ लाख ५० हजार रहेको छ । यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक न्यूनतम पूर्वाधार, आवश्यक दक्ष जनशक्तिको अभाव, उद्योगमैत्री पूर्वाधारको विकास तथा विपद व्यवस्थापनका चुनौतीहरु जस्ता प्रमुख अवरोधहरुले उल्लेखनीय रुपमा औद्योगिक क्षेत्रको विकास र विस्तार हुन सकेको छैन ।

१३. समीक्षा वर्षमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै (रु. २ अर्ब २९ करोड ७९ लाख ६० हजार) औद्योगिक कर्जा उपभोग गरेको छ भने सबैभन्दा कम (रु. १ करोड ६० लाख ३० हजार) डोल्पा जिल्लाले उपभोग गरेको छ ।

## सेवा क्षेत्र

१४. समीक्षा वर्षमा भारत, चीन लगायत तेस्रो मुलुकबाट यस प्रदेशमा भित्रिने पर्यटकको संख्या क्रमश: ५६.७७ प्रतिशत, ५५.३५ प्रतिशत र १४१.७२ प्रतिशतले वृद्धि भएको छ । विगत केही वर्ष यता कोभिड-१९ लगायत अन्य कारणले कर्णाली प्रदेशमा तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या शून्यप्राय रहेकोमा हालको वर्षमा तेस्रो देशबाट पनि पर्यटक आउन थालेको कारण सो संख्याको वृद्धि प्रतिशत अधिक भएको अनुमान गरिएको छ ।

१५. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या १८ हजार ५ सय ५५ पुगेको छ जुन गत वर्षको तुलनामा २७ प्रतिशतले बढी हो । त्यसैगरी, घरजग्गा रजिष्ट्रेशन बापतको राजश्व ३४.५२ प्रतिशतले घटेर रु. ३० करोड ६ लाख ७८ हजार पुगेको छ ।

१६. समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या ८.०३ प्रतिशतले वृद्धि भई २० हजार ९ सय १५ पुगेको छ ।

१७. समीक्षा वर्षमा यस प्रदेशमा नेपाल टेलिकमबाट वितरित टेलिफोनको संख्या ४.६२ प्रतिशतले बढेर ७ लाख १२ हजार २ सय ८ कायम भएको छ ।

१८. समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्या क्रमश: ८.७० प्रतिशत र ११.०८ प्रतिशतले वृद्धि भएको छ ।

त्यस्तै, समीक्षा वर्ष सम्ममा यस प्रदेशमा जम्मा २५ वटा सरकारी/सामुदायिक अस्पताल र १ हजार २ सय ४३ वटा शैयाहरु रहेका छन्।

१९. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्धारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८४.२९ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ।

२०. २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्ममा थप ४९ वटा शाखा विस्तार भई कर्णाली प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४५५ पुगेको छ।

२१. समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ७.२४ प्रतिशतले बढेर रु. ५४ अर्ब ९२ करोड ९४ लाख पुगेको छ भने निक्षेप ५.८७ प्रतिशतले वृद्धि भई रु. ६० अर्ब ३२ करोड ७८ लाख ६० हजार पुगेको छ।

## पूर्वाधार क्षेत्र

२२. कर्णाली प्रदेशमा कच्ची तथा पक्की सडक गरी करीब १,४४१.१९ कि.मि. सडक सञ्जाल रहेको छ। यस प्रदेशका १० जिल्लाहरुमध्ये डोल्पा, हुम्ला र मुगु जिल्लामा हालसम्म कुनैपनि सडकहरु कालोपत्रे भएका छैनन्।

२३. नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन अनुसार यस प्रदेशमा विद्युत प्रसारण लाईन ७,९१३ कि.मि. पुगेको छ। साथै, यस प्रदेशमा ११ मेगावाट विद्युत उत्पादन भएको छ। जसमध्ये सबैभन्दा बढी दैलेख जिल्लाबाट ८.५५ मेगावाट र सबैभन्दा कम जुम्ला र डोल्पा जिल्लाबाट समान ०.२० मेगावाट विद्युत् उत्पादन भएको छ।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुप जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरुपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को वार्षिक वर्ष (२०७८ साउनदेखि २०७९ असार मसान्तसम्म) को तथ्याङ्कमा आधारित रहेको छ ।

यस बैंकको आर्थिक अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयद्धारा सम्पादन गरिने आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवं अन्य अनुसन्धानमूलक कार्यमा एकरुपता ल्याई गुणस्तरसमेत अभिबृद्धि गर्ने उद्देश्यले २०६७ चैत्र १५ गते स्वीकृत भएको “नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयद्धारा सम्पादन गरिने अध्ययन अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन २०६७” अनुरुप आर्थिक गतिविधि अध्ययन र बिशेष अध्ययन मार्गदर्शन, २०७०” बमोजिम ५७ जिल्लाबाट प्राप्त तथ्याङ्क समाबेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरीएकोमा “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन,२०७६” जारी भएपश्चात प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरीएको छ ।

संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संशोधन २०७९)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालय मार्फत कर्णाली प्रदेशका सम्पूर्ण (१० वटा) जिल्लाहरु (सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा र रुकुम पश्चिम) लाई समावेश गरी आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भईरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि, संरचना र तथ्याङ्क संकलन

कर्णाली प्रदेशका १० वटै जिल्लाहरुबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी तयार पारिएको यो प्रतिवेदनमा उक्त क्षेत्रहरुको प्रगति विवरण, वर्तमान सम्भावना तथा चुनौती एवम् भावी योजनावद्ध कार्यका लागि मार्गदर्शन समेत समाविष्ट छ ।

यस प्रदेशका जिल्लाहरुमा रहेका विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना तथा उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको यो प्रतिवेदनले जिल्लागत तथा प्रदेशको समग्र अवस्थालाई प्रस्तुत गरेको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषयविज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा तथा प्रदेशगत तुलनात्मक स्थितिको विश्लेषणका लागि केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कलाई आधार मानिएको छ । त्यस्तै, समग्र कृषि क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशका दश वटै

जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कृषि ज्ञानकेन्द्रहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायतका निकायहरुबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको अवस्था, यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि उद्योग वाणिज्य संघ, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय लगायतका निकायहरुबाट तथ्याङ्क लिईएको छ । त्यस्तै, बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, वाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा, संकलित निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट लिईएको छ । रियलस्टेट तर्फ, घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम आदिको विवरण पनि यस बैंकको आर्थिक अनुसन्धान विभागबाट लिईएको छ । घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क जिल्लास्थित नगरपालिकाहरुबाट लिईएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट र सबै जिल्ला अन्तर्गतका होटल एशोसीयसनबाट तथ्याङ्कबाट लिईएको छ । त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा रहेका दश ठुला सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत प्राधिकरण, सडक डिभिजन कार्यलयहरुबाट लिइएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको सीमा

देशले संघीय शासन व्यवस्थाको अंगिकार गरे पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ । संघीयतासँगै, सम्बन्धित निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्कहरुलाई संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि तथा शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले अर्धवार्षिक रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भई आएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो वर्षका केही तथ्याङ्कमा एकरुपता नभएको देखिन्छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा कतिपय जिल्लाहरुमा होटल व्यवसायी संघ गठन नभएको र गठन भएको जिल्लाहरुको हकमा पनि होटलमा आएका पर्यटकहरुको अभिलेख राख्ने अभ्यास नभएको हुँदा अनुमानित तथ्याङ्क समावेश गर्ने गरिएको छ ।

कर्णाली प्रदेशको विकट भौगालिक अवस्था तथा प्रतिवेदन तयारीको समयसीमाका कारण कर्णाली प्रदेशका सबै जिल्लाहरुमा स्थलगत रुपमा उपस्थित भई तथ्याङ्क संकलन गर्न नसकिएकोले जिल्लाको वास्ताविक वस्तुस्थितिको विश्लेषण गरी आर्थिक गतिविधिलाई अध्ययन प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

भौतिक रुपमा उपस्थित हुन नसकिएका जिल्लाहरुबाट ईमेल तथा टेलिफोन मार्फत तथ्याङ्क संकलन गर्ने गरिएको छ । यसरी तथ्याङ्कको माग गर्दा कतिपय तथ्याङ्क प्रदायक संस्थाहरुले तथ्याङ्क प्रदान गर्न नमान्ने वा अस्विकार नै गर्ने प्रवृत्तिका कारण निरन्तर रुपमा अनुरोध गरिरहनु पर्ने हुदा समयमै तथ्याङ्क संकलन गर्न नसकिएको अवस्था छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्र र परिच्छेद ७ मा संघिय एवम् प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसैगरी अन्तिम परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

*यस प्रतिवेदनमा 'समीक्षा वर्ष' भन्नाले २०७८/७९ को साउनदेखि असार मसान्तसम्मको वर्षलाई तथा 'गत वर्ष' भन्नाले आर्थिक वर्ष २०७७/७८ को साउनदेखि असार मसान्तसम्मको वर्षलाई बुझ्नुपर्नेछ ।*

# परिच्छेद २
# प्रदेशको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

नेपाल सरकार, आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको हिस्सा ४.१ प्रतिशत रहेको देखिन्छ (तालिका १) । आर्थिक वर्ष २०७७/७८ मा यस्तो हिस्सा ४ प्रतिशत रहेको थियो । कर्णाली प्रदेशमा प्राकृतिक स्रोत र साधनको उपलब्धता तथा प्रचुर सम्भावना हुँदाहुँदै पनि उत्पादन तथा राष्ट्रिय अर्थतन्त्रमा रहेको योगदानलाई दृष्टिगत गर्दा यो प्रदेश अन्य प्रदेशको तुलनामा सबैभन्दा पछाडि रहेको छ ।

**तालिका १: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत हिस्सा तथा क्षेत्रगत योगदान (आर्थिक बर्ष २०७८/७९)**

| क्षेत्रगत परिसूचकहरु | प्रदेश १ | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा हिस्सा | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७.० |
| **प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना** | | | | | | | |
| कृषि क्षेत्रको योगदान | ३३.१ | ३४.३ | ११.१ | २६.० | २९.४ | ३१.५ | २३.९ |
| उद्योग क्षेत्रको योगदान | १७.८ | १२.१ | १२.२ | १८.४ | १६.० | ११.१ | १४.४ |
| सेवा क्षेत्रको योगदान | ४९.१ | ५३.६ | ७६.७ | ५५.६ | ५४.५ | ५७.४ | ५१.८ |

*स्रोत: आर्थिक सर्वेक्षण २०७८/७९*

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५ प्रतिशत, ११.१ प्रतिशत र ५७.४ प्रतिशत रहेको छ । अन्य क्षेत्रहरुको तुलनामा सेवा क्षेत्रको योगदान केही उच्च रहेको देखिन्छ। तथापि, सेवा क्षेत्रका विकासका संवाहकहरुको विस्तार एवम् समुचित उपयोग गर्दै राष्ट्रिय उत्पादनमा यस प्रदेशको योगदान अझै बढाउनुपर्ने देखिन्छ।

## २.२ अन्तरप्रदेश तुलना

कर्णाली प्रदेशको आर्थिक परिसूचकहरु अन्य प्रदेशको तुलनामा निकै पछाडि रहेको देखिन्छ। जस्तै, कृषि उपज अन्तर्गत पर्ने खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र सबैभन्दा धेरै प्रदेश नं. १ मा २५.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५.८ प्रतिशत रहेको छ (तालिका २) । त्यसैगरी, कृषि बालीको उत्पादन सबैभन्दा धेरै मधेश प्रदेशमा २३.५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ६.५ प्रतिशत रहेको छ ।

मधेश प्रदेशले कुल नेपालको सिञ्चित क्षेत्रफलमध्ये सबैभन्दा धेरै २४.७ प्रतिशत ओगटेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशले ३.६ प्रतिशत ओगटेको छ।

अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशमा सबैभन्दा कम कृषि तथा पशुपन्छिजन्य उत्पादन भएको देखिन्छ। सबैभन्दा बढी दूध उत्पादन बागमती प्रदेशमा २१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ४.४ प्रतिशत रहेको छ (तालिका २) ।

माछामासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सवैभन्दा बढी ३१.४५ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा सुदूरपश्चिम प्रदेशमा ४.९२ प्रतिशत रहेको छ।

## तालिका २ : प्रादेशिक आर्थिक परिसुचकहरु

| परिसूचकहरु | प्रदेश १ | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| **कृषि तथा पशुपन्छिजन्य उत्पादन (प्रतिशत)** | | | | | | | |
| **कृषि उपजले ढाकेको भू-क्षेत्र (प्रतिशत)** | | | | | | | |
| खाद्य तथा अन्य बाली | २५.१ | १९.६ | ८.६ | १२.१ | १९.१ | ५.८ | ९.६ |
| तरकारी तथा बागवानी | १७.९ | २३.५ | १७.४ | ८.९ | १८.४ | ६.५ | ७.३ |
| फलफूल तथा मसला | २६.३ | १८.७ | १२ | १०.१ | ७.३ | ८.२ | १७.४ |
| **कृषि बालीको उत्पादन (प्रतिशत)** | | | | | | | |
| खाद्य तथा अन्य बाली | २६.१ | २४.२ | १०.३ | ९.८ | १५.९ | ४.२ | ९.५ |
| तरकारी तथा बागवानी | १९.२ | २६.५ | २१.५ | ९.१ | ११ | ४.६ | ८.१ |
| फलफूल तथा मसला | २७.८ | १३.३ | १४.७ | १३.५ | १०.३ | ७.९ | १२.४ |
| **सिञ्चित क्षेत्रफल (प्रतिशत)** | २५.५ | २४.७ | ९.३ | १२.२ | १६.५ | ३.६ | ८.२ |
| **दूध उत्पादन** | १८.६ | १५.५ | २१ | १२.४ | १९.१ | ९.१ | ४.४ |
| **माछामासुजन्य उत्पादन** | १२.३५ | २१.४५ | ११.४५ | १४.२५ | १५.८ | ४.९२ | १९.८५ |
| **अण्डा** | १२.३ | ५.४ | ३४.६ | ९.७ | ९.६ | २१.१ | ७.२ |

*स्रोतः एकीकृत अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन २०७८/७९ र आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक*

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **उद्योग क्षेत्र** | | | | | | | |
| उद्योगको संख्या | ८०७ | ५७२ | ५६१४ | ७९८ | ६५६ | ७९ | १३० |
| **पूर्वाधार क्षेत्र** | | | | | | | |
| जलविद्युत उत्पादन (मे.वा.) | ३२७ | २१ | १०१६ | ५६५ | ३१ | ११ | ५२ |
| स्थानीय सडक सञ्जाल (कि.मी.) | १३१२९ | ६००२ | १६००१ | ११५७० | ९१३९ | ३३०१ | ५४७५ |

*स्रोतः आर्थिक सर्वेक्षण २०७८/७९*

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वित्तीय क्षेत्र** | | | | | | | |
| **बैंक तथा वित्तीय संस्थाका शाखाहरु** | १,८५७ | १,७४५ | ३,००३ | १,४१६ | २,२१२ | ४५५ | ८४० |
| **सहुलियतपूर्ण कर्जा (प्रतिशत)** | १७.३१ | १०.१७ | ३४.९३ | १४.४७ | १६.०३ | १.४८ | ५.०७ |
| **विपन्न वर्ग कर्जा (प्रतिशत)** | १४.११ | ८.७४ | ४८.०६ | ११.३१ | १२.७१ | १.४६ | ३.६२ |
| **पुनरकर्जा (प्रतिशत)** | १३.१२ | ७.६४ | ४१.३८ | ११.५६ | १८.४९ | २.४४ | ५.३७ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

कर्णाली प्रदेशमा अन्य प्रदेशको तुलनामा निकै कम उद्योगहरु दर्ता भएको देखिन्छ। आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार यस प्रदेशमा ७९ वटा उद्योगहरु रहेका छन्।

कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढि ५७.४ प्रतिशत भएतापनि यस क्षेत्रको विकासका संवाहकहरु, जस्तै यातायात, उद्योगधन्दा तथा घरजग्गा रजिष्ट्रेशनको संख्या यस प्रदेशमा सबैभन्दा कम रहेको छ।

वित्तीय क्षेत्रका परिसूचकका आधारमा कर्णाली प्रदेश अन्य प्रदेशभन्दा निकै पछाडि देखिन्छ। यस प्रदेशमा सबैभन्दा कम ४५५ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन्। त्यसैगरी यस प्रदेशमा तुलनात्मक रुपमा अन्य प्रदेशभन्दा कम कर्जा उपयोग भएको देखिन्छ। कर्णाली प्रदेशले सहुलियतपूर्ण कर्जा, विपन्न वर्ग कर्जा र पुनरकर्जा क्रमशः १.४८ प्रतिशत, १.४६ प्रतिशत र २.४४ प्रतिशत उपयोग गरेको छ।


## २.३ प्रदेशगत जनसंख्या वितरण

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० रहेको छ। जसमा महिलाको संख्या १ करोड ४९ लाख १ हजार १ सय ६९ र पुरुषको संख्या १ करोड ४२ लाख ९१ हजार ३ सय ११ रहेको देखिन्छ।

### २.३.१ प्रदेशगत जनसंख्याको हिस्सा

प्रदेशगत रुपमा जनसंख्याको वितरण हेर्दा कुल जनसंख्यामा सबैभन्दा धेरै मधेश प्रदेशको हिस्सा २०.९९ प्रतिशत रहेको छ। त्यस्तै, देशको राजधानी समेत रहेको बागमती प्रदेशको हिस्सा २०.८४ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम अर्थात करिब ५.८१ प्रतिशत मात्र रहेको छ। लुम्बिनी प्रदेशको हिस्सा १७.५५ प्रतिशत, प्रदेश १ को हिस्सा १७.०३ प्रतिशत, सुदुरपश्चिम प्रदेशको हिस्सा ९.२९ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा ८.४९ प्रतिशत रहेको छ।

**रेखाचित्र १: प्रदेशगत जनसंख्या वितरण**





*स्रोत: राष्ट्रिय जनगणना २०७८ (प्रारम्भिक नतिजा)*

### २.३.२ प्रदेशगत जनसंख्या परिवर्तन

राष्ट्रिय जनगणना २०६८ को तुलनामा राष्ट्रिय जनगणना २०७८ मा नेपालको जनसंख्या १०.१८ प्रतिशतले वृद्धि भएको छ। यसबाट नेपालको जनसंख्याको वार्षिक वृद्धिदर ०.९३ प्रतिशत रहेको देखिन्छ।

**रेखाचित्र २: जनसंख्या वृद्धिदर (प्रदेशगत)**




*स्रोत: राष्ट्रिय जनगणना २०७८ (प्रारम्भिक नतिजा)*

प्रदेशगत रुपमा हेर्दा विगत दश वर्षमा सबैभन्दा बढी लुम्बिनी प्रदेशको जनसंख्या बढेको छ । वि.सं. २०६८ मा ४४ लाख ९९ हजार २ सय ७२ रहेको लुम्बिनी प्रदेशको जनसंख्या २०७८ सम्म आईपुग्दा १३.८९ प्रतिशतले बढेर ५१ लाख २४ हजार २ सय २५ पुगेको छ । त्यस्तै सबैभन्दा कम गण्डकी प्रदेशको जनसंख्या ३.१६ प्रतिशतले मात्र बढेको छ । कर्णाली प्रदेशको जनसंख्या दश वर्षमा ७.९३ प्रतिशतले बढेर हाल १६ लाख ९४ हजार ८ सय ८९ पुगेको छ ।

देशको राजधानी रहेको बागमती प्रदेशको जनसंख्या २०६८ को तुलनामा १०.०३ प्रतिशतले बढेको छ । प्रदेश १, मधेश प्रदेश र सुदुरपश्चिम प्रदेशको जनसंख्या विगत दश वर्षको अवधिमा क्रमशः ९.६४ प्रतिशत, १३.३६ प्रतिशत र ६.२२ प्रतिशतले बढेको छ ।

प्रदेशगत वार्षिक जनसंख्या वृद्धिदरलाई विश्लेषण गर्दा लुम्बिनी प्रदेशको जनसंख्या वृद्धिदर सबैभन्दा बढी (१.२५ प्रतिशत) रहेको छ । मधेश प्रदेश र बागमती प्रदेशको वृद्धिदर क्रमशः १.२ प्रतिशत र ०.९२ प्रतिशत रहेको छ । त्यस्तै सबैभन्दा कम जनसंख्या वृद्धिदर गण्डकी प्रदेशको ०.३ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको जनसंख्या वृद्धिदर ०.७३ प्रतिशत रहेको छ ।

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.४.१ प्रादेशिक क्षमता र सम्भावना

- रारा, फोक्सुण्डो, कुपिण्डे, बुलबुले जस्ता सुन्दर तालहरु, काँक्रेविहार, देउती वर्ज्यै, पञ्चदेवल, पञ्चकोशी ज्वाला क्षेत्र जस्ता धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रहरु, नेपालको सबैभन्दा अग्लो झरना पचाल झरना तथा विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको झरना सुलिगढ झरना र विभिन्न फाँट तथा उपत्यकाहरुले भरिपूर्ण यो प्रदेशमा सुरक्षित तथा आकर्षण पर्यटकीय गन्तव्यको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटक प्रवर्द्धन तथा पर्यटन व्यवसायमा समेत उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका ठूला-ठूला नदीहरु तथा पानीको अन्य स्रोतबाट आधुनिक प्रविधियुक्त सिंचाई विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्नसक्ने सम्भावना रहेको छ । सहुलियतपूर्ण कर्जाको उच्चतम प्रयोग गरी साना तथा मझौला उद्योगहरुको विकास र विस्तार गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशमा शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा पनि लगानीको खाँचो रहेकाले त्यसतर्फ पनि रोजगारी सिर्जना हुने देखिन्छ ।
- यस प्रदेशमा प्राङ्गारिक कृषि क्षेत्रको हिस्सा ठूलो रहेको हुँदा अर्गानिक कृषिको समेत सम्भावना रहेको छ ।
- यस प्रदेशमा हिमाल, पहाड र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकाले कृषि तथा पशुपालनमा प्रोत्साहनात्मक कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च संभावना रहेको छ ।
- कर्णाली प्रदेशमा देशकै महत्वपुर्ण नदिहरु हिमा, तिला, कर्णाली, भेरी जस्ता नदिहरु रहेता पनि हालसम्म ११ मेगावाट मात्र जलविद्युत उत्पादन भएकोले थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ ।
- कर्णाली तथा भेरी जस्ता ठुला नदी रहेको यस प्रदेशमा जलयात्राको प्रचुर संभावना रहेको छ ।
- कर्णाली प्रदेश जडिबुटी उपलब्धता करिव ७०० भन्दा बढी प्रकारका जडिबुटी पाईने हिसावले नेपालकै सम्पन्न क्षेत्र मानिन्छ । यस प्रदेशमा यार्सागुम्वा, जटामसी, देवदार, डालेचुक, लौठसल्ला, विष, चिराइतो, गुच्छी च्याउ, कटुकी, सुगन्धवाला, सतुवा, पाँचऔले, अत्तिस, केशर, सेतोचिनी आदि जस्ता बहुमुल्य जडिबुटीको स्थानियस्तरमै प्रशोधन गरी प्रदेशको आर्थिक अवस्था सुधारको प्रवल सम्भावना रहेको छ । साथै दैलेखको जौचौर र मुगुको सालिमारमा तामाको खानी, जाजरकोटमा टर्मालाइन आदि जस्ता खानीहरु रहेकाले प्रदेशभित्र खानीजन्य तथा जटिबुटी प्रशोधन उद्योगहरुको समेत ठुलो सम्भावना रहेको छ ।

- यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र तेलको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित तरिकाले उत्खनन गरी प्रदेशका साथसाथै देशलाई नै प्राकृतिक ग्याँस तथा तेलमा आत्मनिर्भर बनाउन सकिने प्रवल सम्भावना रहेको छ ।
- नेपाली भाषा र संस्कृतिको गौरवपुर्ण इतिहास रहेको यस प्रदेशलाई नेपालको एक प्रमूख साँस्कृतिक केन्द्रको रुपमा स्थापना गर्न सकिने सम्भावना रहेको छ ।
- कर्णाली प्रदेशमा अन्य प्रदेशमा उत्पादन नहुने कृषी बाली तथा अन्न उत्पादन हुन्छन्, जसलाई मेक ईन कर्णालीको रुपमा बजारमा ल्याउन सकेमा कर्णालीको मात्र नभएर सिंगो नेपालको कृषि क्षेत्रले अर्थतन्त्रमा टेवा पुग्न सक्ने देखिन्छ ।
- कर्णाली प्रदेशमा अत्याधिक संभावना रहेको स्याउखेतीलाई व्यवसायीकरण गर्न सकेमा स्याउमा निर्भर हुनसक्ने देखिन्छ ।

### २.४.२ प्रादेशिक चुनौती

- वैदेशिक रोजगारीका लागि भारत तथा खाडी मुलुकमा जाने गरेका अधिकांश युवा जनशक्तिलाई प्रदेशमै रोजगारीको अवसर सिर्जनागरी बढ्दो गरिबी तथा बेरोजगारीलाई न्यूनिकरण गर्नु, भौगोलिक विकटताका बाबजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको पूर्वाधार तथा आधारभूत सेवाको विस्तारगरी समग्र पूर्वाधार क्षेत्रको विकास गर्नु यस प्रदेशको मुख्य चुनौती रहेको छ ।
- परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यवसायीक कृषि प्रणालीमा रुपान्तरण गर्नु अर्को महत्वपूर्ण चुनौती रहेको छ ।
- बहुमुल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नु र महत्वपूर्ण सम्भावित खनिज पदार्थ तथा पत्थरहरुको उत्खनन् गर्न उद्योगहरुको स्थापना तथा सञ्चालन गर्नु, विमानस्थलमा ग्राउण्ड ह्याण्डलिङको व्यवस्था गर्दै स्थापित होटल तथा होमस्टे व्यवसायको गुणस्तर अभिवृद्धिगरी सम्भावित क्षेत्रमा पर्यटक आवागमनलाई निरन्तरता दिने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ ।
- न्यून आय तथा रोजगारीको कारणले शिक्षा तथा स्वास्थ्यको पहुँचमा आउन नसकेको जनसंख्याको हिस्सालाई न्यूनिकरण गर्दै स्थापित संयन्त्रहरुको विकास र विस्तार गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।
- हवाई यातायातलाई सुलभ, कम खर्चिलो तथा सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु प्रदेशका विमान स्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु, यस प्रदेशमा रहेका वर्षैभरि निरन्तर बगिरहने हिम नदिहरुबाट प्रशस्त जलविद्युत उत्पादन गर्नु प्रमुख चुनौती रहेको छ ।

# परिच्छेद ३
# कृषि क्षेत्र


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कर्णाली प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ३.७५ प्रतिशतले घटेको देखिन्छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ४.७२ प्रतिशतले बढेको थियो। परम्परागत कृषि प्रणाली यथावत हुनु, समयमा पर्याप्त मात्रामा बीउ तथा मल उपलब्ध नहुनु तथा सिंचाईको उपलब्धता नहुनु जस्ता कारणहरुबाट कृषि व्यवसाय निर्वाहमुखि बन्न पुगेको र कतिपय अवस्थामा जिविकोपार्जन गर्न समेत गाह्रो हुने भएकोले श्रमशक्ति वैदेशिक रोजगार तथा स्वदेशमा स-सानो व्यापार व्यवसाय र ज्याला मजदुरीको क्षेत्रमा आकर्षित भएको देखिन्छ। साथै, पछिल्लो समयमा बढ्दो सहरी बसाईसराईका कारणले कर्णाली प्रदेशका पहाडि जिल्लाहरुमा कृषि खेती दिन प्रतिदिन घट्दै गएको छ।

### ३.१.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.७३ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ४.९२ प्रतिशतले बढको थियो। समीक्षा वर्षमा कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २ लाख ७१ हजार ६ सय १२ हेक्टर रहेको छ।

**रेखाचित्र ३: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र (हेक्टर)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख बालीहरुमध्ये समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ११.४८ प्रतिशतले घटेको छ। गत वर्षमा भने धान बालीले ढाकेको क्षेत्रफल ०.२६ प्रतिशतले बढेको थियो। त्यस्तै, मकै, गहुँ र जौ बालीले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा क्रमशः ८.६५ प्रतिशत, ५.७८ प्रतिशत र ०.३६ प्रतिशतले घटेको छ भने कोदो बाली ५.८१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षमा मकै बालीले ढाकेको क्षेत्रफल ०.१६ प्रतिशतले घटेको थियो भने धान, गहुँ, कोदो र जौ बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.२६ प्रतिशत, ७.८० प्रतिशत, ६.३८ प्रतिशत र ३.८५ प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा फापर बालीले ढाकेको क्षेत्रफलमा ४९.५३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा फापर बालीले ढाकेको क्षेत्रफल ६.४२ प्रतिशतले घटेको थियो । त्यस्तै, समीक्षा वर्षमा भटमासले ढाकेको क्षेत्रफल २.०८ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षमा यो बाली ८.६४ प्रतिशतले घटेको थियो ।

गत आर्थिक वर्षमा २९.५३ प्रतिशतले बढेको आलु बालीले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा भने १.१५ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा दलहन १२.७७ प्रतिशतले वृद्धि भएको छ भने तेलहन बाली २.६१ प्रतिशतले घटेको छ । दलहन तथा तेलहन बालीले ढाकेको क्षेत्रफल गत वर्षमा १७.६१ प्रतिशत र १४.३७ प्रतिशतले बढेको थियो ।

### ३.१.२ तरकारी तथा बागवानी


आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल क्रमशः १३ हजार ५ सय ६४ हेक्टर र ७ हजार ४ सय ९७ हेक्टर रहेको छ । समीक्षा वर्षमा तरकारी तथा बागवानी क्षेत्रले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ६.८३ प्रतिशत हिस्सा ओगटेको छ ।

समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा १०.९९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षमा यो क्षेत्रफल ४.३२ प्रतिशतले घटेको थियो । कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै ३१.५१ प्रतिशत र डोल्पा जिल्लाले सबैभन्दा कम १.६६ प्रतिशत हिस्सा ओगटेको छ ।

### ३.१.३ फलफुल तथा मसला

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कर्णाली प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल २.६१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो क्षेत्रफल ९.२७ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो आर्थिक वर्षमा २२ हजार ५ सय हेक्टरमा फैलिएको फलफूल तथा मसला क्षेत्र यो आर्थिक वर्षमा २३ हजार ८८ हेक्टर पुगेको छ । समीक्षा वर्षमा फलफूल तथा मसला क्षेत्रले समष्टिगत कृषि क्षेत्रको ७.४९ प्रतिशत ओगटेको छ ।

**रेखाचित्र ४: प्रमुख फलफुल बालीले ढाकेको भू-क्षेत्र (हेक्टर)**




*स्रोतः कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख फलफूलका रुपमा रहेका सुन्तला, केरा, स्याउले ढाकेको क्षेत्रफल समीक्षा वर्षमा क्रमशः २.६९ प्रतिशत, ०.११ प्रतिशत, ४.५९ प्रतिशतले वृद्धि भएको छ भने आँप १३.१७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षमा सुन्तला, आँप, केरा र स्याउले ढाकेको क्षेत्रफल क्रमशः ०.२९ प्रतिशत, १.६४ प्रतिशत, ८.३१ प्रतिशत र २२.७५ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा आवधि अन्य फलफुल ५.३६ प्रतिशत बढेको छ भने गत वर्षमा १७.८३ प्रतिशतले वृद्धि भएको

थियो । त्यस्तै, समीक्षा वर्षमा अदुवा तथा बेसार जस्ता प्रमुख मसला बालीले ढाकेको क्षेत्रफल ४.८२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षमा मसला बालीले ढाकेको क्षेत्र ०.५५ प्रतिशतले घटेको थियो ।

**तालिका ३: कृषि उपजले ढाकेको भु-क्षेत्र (जिल्लागत)**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | ५११४७ | ६६३७ | २७७६ | १८.८३ | ३१.५१ | १२.०२ |
| दैलेख | ४७९७४ | २८७१ | २९३८ | १७.६६ | १३.६३ | १२.७३ |
| जुम्ला | २१८०४ | ६५० | ५४६७ | ८.०३ | ३.०९ | २३.७८ |
| रुकुम पश्चिम | २१७९९ | १५७६ | १००५ | ८.०३ | ७.४८ | ४.३५ |
| हुम्ला | ४८१८ | ० | ० | १.७७ | ०.०० | ०.०० |
| जाजरकोट | ३१५९४ | १०५० | ६३६ | ११.६३ | ४.९९ | २.७५ |
| कालिकोट | १९५२० | ३९८२ | २६५० | ७.१९ | १८.९१ | ११.४८ |
| डोल्पा | ७३७३ | ३५० | १७९८ | २.७१ | १.६६ | ७.७९ |
| मुगु | १०४६१ | ५८६ | १२४५ | ३.८५ | २.१८ | ५.३९ |
| सल्यान | ५५१२२ | ३३५९ | ४५७३ | २०.२९ | १५.९५ | १९.८१ |
| जम्मा | २७१६१२ | २१०६१ | २३०८८ | १०० | १०० | १०० |

*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

जिल्लागत तथ्याङ्क अनुसार, कर्णाली प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सल्यानको अंश सबैभन्दा बढी २०.२९ प्रतिशत रहेको छ भने सबैभन्दा कम हुम्ला जिल्लाको १.७७ प्रतिशत रहेको छ (तालिका ३) । त्यसैगरी, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी सुर्खेत जिल्लाको ३१.५१ प्रतिशत रहेको छ भने सबैभन्दा कम डोल्पा जिल्लाको १.६६ प्रतिशत रहेको छ । जुम्ला जिल्लाले कर्णाली प्रदेशको कुल फलफुल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी २३.६८ प्रतिशत क्षेत्रफल आगटेको छ । त्यस्तै, जाजरकोटले सबैभन्दा कम २.७५ प्रतिशत भू-भाग ओगटेको छ ।

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कर्णाली प्रदेशमा गत आर्थिक वर्षको तुलनामा प्रमुख कृषि बालीको उत्पादन २३.८० प्रतिशतले वृद्धि भई ११ लाख ८७ हजार ३७ मेट्रिक टन पुगेको छ । गत वर्षमा यस्तो उत्पादन ११.३८ प्रतिशतले वृद्धि भई ९ लाख ५८ हजार ८ सय २१ मेट्रिक टन पुगेको थियो ।


अन्तर-सरकारी निकायहरुबीच उचित समन्वय नभई सिंचाई सुविधाको विस्तार हुन नसकेको र कृषि लक्षित कार्यक्रम तथा विनियोजित बजेटहरुको कार्यान्वयन हुन कठिनाई भएकोले यस प्रदेशको कृषि उत्पादनमा उल्लेख्य सुधार हुन नसकेको देखिन्छ । यद्यपि, कमजोर भू-बनोट तथा कृषियोग्य भूमीको कम उपलब्धताका बीचमा कृषि उत्पादनमा आएको वृद्धिदरलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

### ३.२.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादन २७.५२ प्रतिशतले वृद्धि भई ८ लाख १८ हजार ९० मेट्रिक टन पुगेको छ भने गत वर्षमा यस्तो उत्पादन ११.८४ प्रतिशतले वृद्धि भई ६ लाख ४१ हजार ५ सय २६ मेट्रिक टन रहेको थियो ।

समीक्षा वर्षमा प्रमुख कृषि बालीमध्ये धान बालीको उत्पादन २१.५० प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो उत्पादन ३.८१ प्रतिशतले बढेको थियो । त्यस्तै, गत आर्थिक वर्षको असार मसान्तसम्ममा १७.४५ प्रतिशतले बढेको मकै उत्पादन समीक्षा वर्षमा २.०१ प्रतिशतले मात्र बढेको छ ।

**रेखाचित्र ५: खाद्य तथा अन्य बाली उत्पादन (मेट्रिक टन)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कोदो र फापरको उत्पादन क्रमश: ४०.९० प्रतिशत र ९.४० प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा यी दुई बालीको उत्पादन क्रमश: १७.७५ प्रतिशत र २३.४३ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा १.२७ प्रतिशतले घटेको जौ उत्पापदन यस आर्थिक वर्षसम्ममा २७.७८ प्रतिशतले बढेर १३ हजार ३ सय ६८ मेट्रिक टन पुगेको छ । त्यस्तै, यस वर्षमा कर्णाली प्रदेशमा करिव १९ हजार ५ सय ३५ मेट्रिक टन गहुँ उत्पादन भएको देखिन्छ ।

समीक्षा वर्षमा आलु र उखुको उत्पादनमा क्रमश: १६.६५ प्रतिशत र ६.८६ प्रतिशतले वृद्धि भई १ लाख ६८ हजार ७ सय ९० मेट्रिक टन र ३ सय २७ मेट्रिक टनमा पुगेको छ । गत आर्थिक वर्षमा आलु उत्पादन १४.२५ प्रतिशतले बढेर १ लाख ४४ हजार ७ सय ३ मेट्रिक टन पुगेको थियो ।

समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र फापरको उत्पादन ९.४१ प्रतिशतले घटेको छ । गत वर्षमा यो उत्पादन २३.४३ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा भट्मास उत्पादन ९.०७ प्रतिशतले घटेर ६ हजार ३ सय ३४ मेट्रिक टन पुगेको छ । त्यस्तै, गत वर्षमा ०.७४ प्रतिशतले घटेर ९ हजार २ सय ८५ मेट्रिक टन पुगेको तेलहन उत्पादन समीक्षा वर्षमा ०.३५ प्रतिशले बढेर ९ हजार ३ सय १७ मेट्रिक टन पुगेको छ ।

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा कर्णाली प्रदेशमा दलहन उत्पादन १२.३३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा यस उत्पादनमा ११.२१ प्रतिशतको गिरावट आएको थियो ।

### ३.२.२ तरकारी तथा बागवानी


समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादन १५.२८ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको सोही वर्षमा यस्तो उत्पादन ९.११ प्रतिशतले बढेको थियो । पछिल्लो समयमा यस प्रदेश उपयुक्त बीउविजन तथा मल

खाद्यको उपलब्धता, आधुनिक खेती प्रणालीको सुभारम्भ तथा व्यवसायीक कृषि प्रणालीका कारण तरकारी तथा बागवानी उत्पादनमा केहि सुधार आएको छ ।

### ३.२.३ फलफुल तथा मसला

समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र फलफूल तथा मसला उत्पादन १७.३० प्रतिशतले बढेको छ । गत वर्षमा उक्त उत्पादन ११.९९ प्रतिशतले बढेको थियो ।

**रेखाचित्र ६: फलफुल उत्पादन (मेट्रिक टन)**





*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

प्रमुख फलफूलमध्ये सुन्तला उत्पादन समीक्षा वर्षमा २.१६ प्रतिशतले घटेको छ । गत वर्षमा यो उत्पादन १३.१५ प्रतिशतले घटेको थियो । त्यस्तै, आर्थिक वर्ष २०७७/७८ को असार मसान्तमा २८.६५ प्रतिशतले बढेको आँप उत्पादन समीक्षा वर्षमा ५०.६० प्रतिशतले बढेको छ । समीक्षा वर्षमा कर्णाली प्रदेशमा केरा र स्याउको उत्पादन क्रमशः ६४.५१ प्रतिशत र ९.४० प्रतिशतले बढेको देखिन्छ । गत आर्थिक वर्षमा केरा र स्याउको उत्पादन क्रमशः २.०६ प्रतिशत र १.८१ प्रतिशतले घटेको थियो । त्यसैगरी, अन्य फलफूलको उत्पादन समीक्षा वर्षमा ५०.५८ प्रतिशतले बढेको छ । अदुवा, बेसार लगायतका प्रमुख मसला बालीको उत्पादन समीक्षा वर्षमा ९.२८ प्रतिशतले बढेको देखिन्छ । गत आर्थिक वर्षमा यो उत्पादन १.४९ प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा कर्णाली प्रदेशमा मह उत्पादन १५.०३ प्रतिशतले बढेर १ सय ८ मेट्रिक टन पुगेको छ । गत आर्थिक वर्षमा यस्तो उत्पादन ९४ मेट्रिक टन रहेको थियो ।

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनले कर्णाली प्रदेशको कुल कृषि उत्पादनको करिब ६८.९१ प्रतिशत हिस्सा ओगटेको छ । जसमध्ये, सबैभन्दा धेरै (३०.५८ प्रतिशत) हिस्सा मकै उत्पादनको रहेको छ भने सबैभन्दा कम (०.०४ प्रतिशत) हिस्सा उखु उत्पादनको रहको छ । त्यस्तै, धान, कोदो र आलु उत्पादनको हिस्सा क्रमशः १५.२७ प्रतिशत, ३.१६ प्रतिशत र २०.६३ प्रतिशत रहेको छ ।

**रेखाचित्र ७: प्रमूख कृषि बालीको उत्पादन (प्रतिशत)**




*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

त्यसैगरी, तरकारी तथा बागवानी, फलफूल तथा मसला र खाद्य तथा अन्य बालीको उत्पादनको हिस्सा क्रमश: १६ प्रतिशत, १५ प्रतिशत र ६९ प्रतिशत रहेको छ ।

**तालिका ४: प्रमूख कृषि बालीको उत्पादन (जिल्लागत)**
**(आर्थिक वर्ष २०७८/७९ साउन-असार)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| सुर्खेत | १७९२८३ | ४९३७२ | ६०३७७ | २१.९१ | २६.६८ | ३२.८५ |
| दैलेख | १४५८७० | २६१५० | १५८०८ | १७.८३ | १४.१३ | ८.६० |
| जुम्ला | ५८९०८ | ७९०० | २६७३९ | ७.२० | ४.२७ | १४.५५ |
| रुकुम पश्चिम | ६६२८६ | २००२२ | ९१८८ | ८.१० | १०.८२ | ५.०० |
| हुम्ला | ६००८ | ० | ० | ०.७३ | ०.०० | ०.०० |
| जाजरकोट | ९१८८५ | ८४७९ | ११६ | ११.२३ | ४.५८ | ०.०६ |
| कालिकोट | ४९४६१ | २२५६९ | १५४४६ | ६.०५ | १२.२० | ८.४० |
| डोल्पा | १०६२० | ० | ४९२५ | १.३० | ०.०० | २.६८ |
| मुगु | १२९६३ | ६३७० | ५५३५ | १.५८ | ३.४४ | ३.०१ |
| सल्यान | १९६८०६ | ४४१७० | ४५६७४ | २४.०६ | २३.८७ | २४.८५ |
| जम्मा | **८१८०९०** | **१८५०३२** | **१८३८०८** | **१००** | **१००** | **१००** |

*स्रोत: कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनको सबैभन्दा बढी २४.०६ प्रतिशत हिस्सा सल्यान जिल्लाको रहेको छ भने सबैभन्दा कम ०.७३ प्रतिशत हिस्सा हुम्ला जिल्लाको रहेको छ (तालिका ४) । त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सुर्खेत जिल्लाको २६.६८ प्रतिशत रहेको छ भने हुम्ला र डोल्पा जिल्लामा उत्पादन हुन सकेको छैन । त्यस्तै, फलफूल तथा मसला बालीको हिस्सा सबैभन्दा बढी ३२.८५ प्रतिशत सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम ०.०६ प्रतिशत जाजरकोट जिल्लाको रहेको छ ।

### ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

#### ३.३.१ पशुजन्य उत्पादन

कर्णाली प्रदेशमा समीक्षा वर्षमा दूध उत्पादन ७.३८ प्रतिशतले बढेको छ। गत वर्षमा यो उत्पादन १९.५३ प्रतिशतले घटेको थियो। त्यस्तै, मासु उत्पादन आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म १६.८४ प्रतिशतले घटेको छ। यो उत्पादन अघिल्लो आर्थिक वर्षमा ३७.२२ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कर्णाली प्रदेशमा अण्डा ५.१२ प्रतिशतले घटेको छ। गत वर्षमा यो उत्पादन ३.३९ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा माछा उत्पादन ५१.३६ प्रतिशतले बढेको छ भने गत वर्षमा यस्तो उत्पादन २८.३३ प्रतिशतले बढेको थियो। यस प्रदेशका सुर्खेत तथा सल्यान लगायतका जिल्लाहरुमा युवाहरुको व्यावसायिक माछापालन आकर्षण, कम, लागत, अत्याधिक माग तथा सरकारबाट प्रदान गरिएको अनुदानले माछापालन उत्पादनमा बढोत्तरी भएको अनुमान छ।

### ३.४ वनजन्य उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा काठ र दाउरा उत्पादन क्रमशः ४६.८५ प्रतिशत र ३६.३१ प्रतिशतले बढेको छ। गत वर्षमा काठको उत्पादन ११.७६ प्रतिशतले घटेको थियो भने दाउरा उत्पादन ७.०१ प्रतिशतले बढेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा औषधिजन्य वस्तुहरुको उत्पादन १.९५ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षमा यो उत्पादन ३४.५९ प्रतिशतले घटेको थियो।

### ३.५ सिंचाइ

समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल खेतीयोग्य जमिन २ लाख २३ हजार ३ सय ९१ हेक्टरमध्ये १ लाख ३२ हजार ४ सय ४० हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ। जसमध्ये ५३ हजार ५ सय ४ हेक्टर क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ। आर्थिक वर्ष २०७७/७८ असार मसान्तसम्म भन्दा यस आर्थिक वर्षको असार मसान्त सम्ममा सिंचित क्षेत्रफल ३.४१ प्रतिशतले बढेको छ।

**तालिका ५: कर्णाली प्रदेशमा सिंचाईको अवस्था (हेक्टर)**

| सिंचाई | आ.व. २०७६/७७ (साउन-असार) | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) |
|---|---|---|---|
| कुलो | ४००५४.०० | ४१२६१.०० | ४२४५०.०० |
| नहर | ८६७८.०० | ९१४२.०० | ९५५१.०० |
| पोखरी | ८१९.२५ | ८८३.५० | ९६७.८० |
| बोरिङ्ग | - | २.०० | २.०० |
| थोपा | ३८०.०० | ३८५.०० | ४१६.०० |
| अन्य | ३३.०० | ६६.०० | ११७.०० |

*स्रोतः कृषि विकास निर्देशनालय, सुर्खेत र जिल्ला स्थित कृषि विकास कार्यालयहरु*

समीक्षा वर्षमा कुलोद्धारा सिंचित क्षेत्रफल सबैभन्दा बढी ४२ हजार ४ सय ५० हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिंचित रहेको छ। कुलोद्वारा सिंचित क्षेत्रफल समीक्षा वर्षमा २.८८ प्रतिशतले बढेको हो। गत आर्थिक वर्षको असार मसान्तमा यस्तो क्षेत्रफल ३.०१ प्रतिशतले बढेको थियो। त्यसैगरी, नहरद्वारा सिंचित क्षेत्रफल समीक्षा वर्षमा करिव ४.४७ प्रतिशतले बढेर ९ हजार ५ सय ५१ हेक्टर पुगेको छ। समीक्षा वर्षमा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा सबैभन्दा बढी ५५ हजार २ सय हेक्टर खेतीयोग्य जमिन रहेको छ भने १९ हजार ४ सय ५१ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको देखिन्छ।

### ३.६ क्षेत्रगत कृषि कर्जा

२०७९ असार मसान्तसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा २०७८ असार मसान्तसम्मको तुलनामा २६.१७ प्रतिशतले बढेर रु. ४ अर्ब ९५ करोड ३९ लाख पुगेको छ (तालिका ३.४)। गत वर्षमा यो कर्जा ४७.८४ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ९२ करोड ६३ पुगेको थियो।

कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ४ अर्ब ९१ करोड ८८ लाख कर्जा कृषि तथा वनजन्य शीर्षकमा प्रवाह भएको छ भने रु. ३ करोड ५० लाख कर्जा माछापालनमा प्रवाहित भएको छ। समीक्षा वर्षमा कृषि तथा वनजन्य शीर्षकमा प्रवाह कर्जा २८.१९ प्रतिशतले वृद्धि भएको छ भने माछापालनमा ६०.६७ प्रतिशतले घटेको छ।

**तालिका ६: जिल्लागत कृषि कर्जा (रु.दश लाख)**

| जिल्ला | आ.व. २०७६/७७ असार मसान्त | आ.व. २०७७/७८ असार मसान्त | आ.व. २०७८/७९ असार मसान्त | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ४४.६५ | १६६.९४ | ९२.०३ | २७३.८८ | - ४४.८७ |
| मुगु | २१.८१ | ३५.६५ | ९६.९२ | ६३.४६ | १७१.८९ |
| हुम्ला | १२३.३९ | १५७.८२ | २०३.९० | २७.९० | २९.२० |
| जुम्ला | २१८.५६ | ४१३.९४ | ५१८.३३ | ८९.३९ | २५.२२ |
| कालीकोट | ५८.७८ | ९३.७७ | ११७.६० | ५९.५१ | २५.४१ |
| दैलेख | १७८.४२ | २७३.५१ | ३१३.९२ | ५३.३० | १४.७७ |
| जाजरकोट | १५९.३१ | २६०.९९ | २९९.०४ | ६३.८२ | १४.५८ |
| रुकुम पश्चिम | २३५.६७ | ३६७.२७ | ४७५.३२ | ५५.८४ | २९.४२ |
| सल्यान | ४०९.७९ | ५१४.९६ | ५५०.०६ | २५.६६ | ६.८२ |
| सुर्खेत | १२०५.३४ | १६४१.४६ | २२८६.८१ | ३६.१८ | ३९.३२ |
| कर्णाली प्रदेश | २६५५.७३ | ३९२६.३० | ४९५३.९३ | ४७.८४ | २६.१७ |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु. २ अर्ब २८ करोड ६८ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु. ९२ करोड डोल्पा जिल्लामा प्रवाहित भएको छ।

### ३.७ कृषि क्षेत्रका चूनौती र सम्भावना

#### ३.७.१ चूनौती

- कृषियोग्य जमिनको संरक्षण र आधुनिक कृषि प्रणालीको अवलम्बन गरी यस प्रदेशमा रहेका युवा जनशक्तिलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गरी यस क्षेत्रलाई सबल जीवनयापनको माध्यमको रुपमा विकास गर्नु। त्यस्तै, स्थानीय उत्पादनको प्रवर्द्धन र संरक्षणका लागि आवश्यक स्थानीय बीउबिजनको संरक्षण गर्नु।
- प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु।
- कृषि क्षेत्रमा सीमित मात्रामा उपलब्ध रहेका स्रोतसाधनहरुको अधिकतम तथा उच्चतम प्रयोग गरी कृषि क्षेत्रलाई आधुनिकरण, यान्त्रीकरण तथा व्यवसायिकरण गर्दै आयआर्जनको मुख्य स्रोतको रुपमा विकास गर्नु।

- कोरोना माहामारी पश्चात विदेश तथा स्वदेशमा रोजगारी गुमाई घर फर्किएका जनशक्तिलाई कृषिका सम्भावनायुक्त क्षेत्रहरुमा आवद्ध गराई आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु । वैदेशिक रोजगारीका क्रममा हासिल गरेका कृषि सम्बन्धी ज्ञान तथा सीपहरुलाई प्रयोग गरी सामूहिक कृषि खेतीतर्फ आकर्षित गराउनु ।
- कृषि सम्बन्धी आवश्यक तालिम, मलखाद्य तथा बीउबीजनको सुनिश्चितता गरी उत्पादित वस्तुहरुको उचित भण्डारण र बजारीकरणको व्यवस्था गर्नु ।
- जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा देखापरेका समस्याहरुको सामना गर्दै कृषि क्षेत्रलाई विकसित र समृद्ध बनाउँदै लैजानु ।
- यस प्रदेशको कुल खेतीयोग्य जमीनको करिब २४ प्रतिशत भू-भागमा मात्र सिँचाइ सुविधा पुगेकोले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।

### ३.७.२ सम्भावना

- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशबाट छिमेकी मुलुक भारत तथा अन्य देशहरुमा रोजगारीका लागि जाने संख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरुलाई व्यवसायिक कृषि, उद्यमशीलता जस्ता क्षेत्रहरुमा खपत गराई कृषि क्षेत्रमा गुणात्मक परिवर्तन गर्न सकिने उच्च सम्भावना रहेको ।
- कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकोले यसको विकास तथा प्रवर्द्धन गर्दै अर्थोपार्जनको मुख्य स्रोतको रुपमा विकास गरी प्रचुर मात्रामा रोजगारी सिर्जना गर्न सकिने ।
- यस प्रदेशमा हिमाली, पहाडी तथा भित्री मधेश सबै भुगोल रहेकोले यहाँ धान गहुँ, मकै, कादो, जौ, आलु, व्यवसायिक तरकारी, पशुपालन लगायत फलफूल खेती गर्न सकिने प्रचुर सम्भावना रहेको ।
- यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिंचाई सुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यवसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- यस प्रदेशको जुम्ला लगायतका हिमाली जिल्लामा व्यवसायिक स्याउ, ओखर खेती तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यवसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको छ ।


# परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

### ४.१.१ उद्योगको क्षमताको उपयोग

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशका नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ७६.६ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको उद्योगहरुको उपयोग क्षमतामा प्रशोधित दुधको उपयोग क्षमता सबैभन्दा बढी ९२ प्रतिशत रहेको छ। त्यस्तै सबैभन्दा कम उपयोग क्षमता कागज उद्योगको ५६ प्रतिशत रहेको छ। त्यसैगरी, जि.आई. तार, चामल, काठ र फलामको छड , गहुँको पिठो र चिरेको काठको उपयोग क्षमता क्रमश ९२.११ प्रतिशत, ७८.१३ प्रतिशत, ७४.०७ प्रतिशत, ७२.२२ प्रतिशत र ७१.४३ प्रतिशत रहेको छ।

**रेखाचित्र ८: उद्योगको क्षमता उपयोगको अवस्था**





*स्रोत :वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कर्णाली प्रदेशमा जम्मा ३ हजार ५ सय २६ वटा कम्पनी दर्ता भएका छन्, जुन अन्य प्रदेशको तुलनामा सवैभन्दा कम अर्थात कुल दर्ता भएका कम्पनीहरुको १.२४ प्रतिशत मात्र हो। यस प्रदेशमा संचालनमा आएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या २९ हजार २ सय ४८ छन् जसबाट १ लाख ३३ हजार ९ सय ६५ रोजगारी सिर्जना भएको अनुमान छ। यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ती, कच्चा पदार्थको अभाव, तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले ठूला उद्योगहरुको सञ्चालन हुन नसकेको देखिन्छ।

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको उत्पादन समीक्षा वर्षमा १६.५६ प्रतिशतले बढेको छ भने गत वर्षमा २२.१६ प्रतिशतले बढेको थियो। यस प्रदेशमा समीक्षा वर्षमा सबैभन्दा बढी चिरेको काठ र फलामको छड, पत्ति तथा सामानहरु समान ३३.३३ प्रतिशतले वृद्धि भएको छ भने चामलको उत्पादन १०.७१ प्रतिशतले घटेको छ। त्यस्तै समीक्षा वर्षमा कागज उत्पादन र जि.आई.तार समान १६.६७ प्रतिशतले वृद्धि भएको छ भने प्रशोधित दूधको उत्पादन, गहुँको पिठो, क्रमश १६.९२ प्रतिशत र १८.१८ प्रतिशतले बढेको देखिन्छ।

**रेखाचित्र ९: औद्योगिक उत्पादन (मे.टन)**





*स्रोत :वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा रु. ७ अर्ब ६९ करोड ८० लाख ७० हजार रहेको कुल औद्योगिक कर्जा समीक्षा वर्षमा ५२.२६ प्रतिशतले घटेर रु. ३ अर्ब ६७ करोड ४७ लाख ५० हजार पुगेको छ। गत वर्षको सोही वर्षमा यस्तो कर्जा २३.१६ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ३४.७८ प्रतिशतले वृद्धि भएको छ भने निर्माण सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ८०.३५ प्रतिशतले घटेको छ। विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा गत वर्षको तुलनामा २९.६२ प्रतिशतले घटेको छ। त्यस्तै खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ५.२१ प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा २४.६७ प्रतिशत र धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स् सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ९.९२ प्रतिशतले वृद्धि भएको छ।

**रेखाचित्र १०: क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशत)**



*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी निर्माण सम्बन्धी क्षेत्रको अंश २९.६३ प्रतिशत र सबैभन्दा कम खानी सम्बन्धी क्षेत्रको अंश २.८१ प्रतिशत रहेको छ। त्यसैगरी, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योग, विद्युत, ग्याँस तथा पानी सम्बन्धी र धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स् सम्बन्धी उद्योगले कुल औद्योगिक कर्जाको क्रमशः २५.१७ प्रतिशत, २८.०६ प्रतिशत, ३.५२ प्रतिशत र १०.८१ प्रतिशत हिस्सा ओगटेका छन्।

**तालिका ७: जिल्लागत औद्योगिक कर्जा (रु.दश लाख)**

| जिल्ला | आ.व. २०७६/७७ असार मसान्त | आ.व. २०७७/७८ असार मसान्त | आ.व. २०७८/७९ असार मसान्त | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ३०.२० | ८३.०३ | १६.०३ | १७४.९३ | – २४७.६४ |
| मुगु | १०५.४१ | ११८.१७ | ५३.४० | १२.१० | – ५४.८१ |
| हुम्ला | १२८.६८ | ८६.९३ | १०८.७९ | – ३२.४४ | २५.१५ |
| जुम्ला | ३३०.४७ | ४१४.२८ | २४६.९३ | २५.३६ | – ४०.४० |
| कालीकोट | १५७.७४ | २४६.१८ | १३६.५४ | ५६.०७ | – ४४.५४ |
| दैलेख | ३३३.०० | ३७०.३३ | २४०.६९ | ११.२१ | – ३५.०१ |
| जाजरकोट | ११९.५४ | १३४.१९ | ५९.३३ | १२.२६ | – ५५.७९ |
| रुकुम पश्चिम | ७१९.६८ | ७८८.५६ | १३७.०९ | ९.५७ | – ८२.६१ |
| सल्यान | ७२२.४८ | ८२५.५७ | ३७७.९८ | १४.२७ | – ५४.२२ |
| सुर्खेत | ३,६०३.३९ | ४,६३०.८३ | २,२९७.९६ | २८.५१ | – ५०.३८ |
| कर्णाली प्रदेश | ६,२५०.६० | ७,६९८.०७ | ३,६७४.७५ | २३.१६ | – ५२.२६ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा औद्योगिक कर्जाको उपभोग हुम्ला जिल्लामा बढेको छ भने बाँकी जिल्लामा घटेको देखिन्छ। २०७९ असार मसान्तसम्ममा सुर्खेत जिल्लाले सबैभन्दा धेरै रु.२ अर्ब २९ करोड ७९ लाख ६० हजार औद्योगिक कर्जा उपभोग गरेको छ भने सबैभन्दा कम रु. १ करोड ६० लाख ३० हजार डोल्पा जिल्लाले उपभोग गरेको छ (तालिका ७)। औद्योगिक कर्जा घट्नुको प्रमुख कारण बैंक तथा वित्तीय संस्थाहरुमा रहेको तरलताको समस्या तथा ब्याजदरमा भएको वृद्धि आदिलाई मान्न सकिन्छ।

## ४.३ औद्योगिक क्षेत्रको चूनौती र सम्भावना

### ४.३.१ चूनौती

- प्रदेशमा रहेको कुल जनशक्तिको अधिक हिस्सा अदक्ष जनशक्ति रहेकाले उक्त जनशक्तिलाई दक्ष तथा प्राविधिक जनशक्तिको रुपमा विकास गर्दै उद्योगहरुको प्रर्वद्धन तथा विकास गर्दै जानु।
- उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नु।

- यस प्रदेश भौगोलिकरुपमा विकट भएकोले भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत, सञ्चार तथा मोटर बाटोको सहज पहुँचबाट पछि परेको छ । तसर्थ यस प्रदेशमा उद्योगहरुले उत्पादित वस्तु प्रदेश भित्रकै हिमाली जिल्लाहरुमा उच्च ढुवानी खर्चलाई नियन्त्रण गर्नु ।
- यस प्रदेशकाबाट भारत लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने श्रमिकहरुलाई प्रदेशमा उपलब्ध स्थानिय स्रोत र साधनहरुमा आधारीत उद्योगहरुमा आकर्षित गरी प्रदेशमा टिकाई राख्नु ।
- यस प्रदेशको औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधार विकास तथा लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी निजि पुँजीको परिचालन तथा वैदेशिक लगानी आकर्षण गर्नु ।
- प्रदेशमा सञ्चालित उद्योगहरुलाई तुलनात्मक लाभ लिने गरी प्रतिस्पर्धी बनाउनु, खानीहरुको उत्खनन र उपयोग गर्नु, उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ तथा प्रविधिको सुनिश्चितता गर्नु ।

**४.३.२ सम्भावना**

- उद्योगहरुलाई आवश्यक कामदार पूर्ति गर्न व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा युवा जनशक्तिको सीप र दक्षतालाई अभिवृद्धि गर्दै दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- कर्णाली प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग अन्तरनिहित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- यस प्रदेशमा उर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने ।
- सहुलियतपूर्ण कर्जा सदुपयोग गरी साना तथा मझौला उद्योगहरु (SMEs) को लागत कम गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।
- प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले उद्योगलाई तीव्र आर्थिक विकासका लागि औद्योगिकरणको रुपमा अगाडि बढाउन सकिने ।
- पूर्वाधार विकासमा सरकारको लगानी बढदै जानु, प्रदेशमा नै दक्ष जनशक्ती तयार हुनुका साथै युवाहरु उद्योहरुप्रति आकर्षित हुदै जानु जस्ता सम्भावना रहेका छन् ।

# परिच्छेद ५
# सेवा क्षेत्र

## ५.१ पर्यटन


कर्णाली प्रदेशमा सञ्चालनमा रहेका होटलहरुको स्तर, लगानी तथा यसले प्रदान गर्ने सुविधाको आधारमा यस प्रदेशका ८ जिल्लाहरु सुर्खेतबाट र रुकुम पश्चिमबाट २/२ वटा जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख तथा सल्यानबाट १/१ गरी जम्मा १० वटा पर्यटकस्तरीय होटलहरुको छनौट गरिएको छ । यी छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था यहाँ विश्लेषण गरिएको छ ।

- समीक्षा वर्षमा कर्णाली प्रदेशका होटलहरुको शैया संख्या ५.२० प्रतिशतले घटेको छ । गत वर्षको सोही वर्षमा होटल शैया संख्या १.५७ प्रतिशतले घटेको थियो ।
- समीक्षा वर्षमा कर्णाली प्रदेशमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा १६.५४ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्षको सोही वर्षमा यस व्यवसायले प्रदान गरेको प्रत्यक्ष रोजगारीमा ६.६२ प्रतिशतले ह्रास आएको थियो ।
- आर्थिक वर्ष २०७७/७८ को असार मसान्तमा ६६.१७ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा वर्षमा ५६.७७ प्रतिशतले वृद्धि भएको देखिन्छ ।
- आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा १६८.७५ प्रतिशतले वृद्धि भएको चिनियाँ पर्यटक आगमनको संख्यामा आर्थिक वर्ष २०७८/७९ को सोही वर्ष सम्ममा ५५.३५ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस्तो वृद्धिदरको मुख्य कारणमा कर्णाली प्रदेशको दैलेख जिल्लामा खनिज तेल उत्खनन्को क्रममा आएका चिनियाँ श्रमिकहरु तथा कोभिड महामारीको प्रभावमा आएको क्रमिक सुधारलाई लिन सकिन्छ ।
- यस प्रदेशमा समीक्षा वर्षमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा १४१.७२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा यो वृद्धिदर ४०.७३ प्रतिशत रहेको थियो ।
- यस प्रदेशमा पर्यटन विकासका अनेकन सम्भावना रहेतापनि उचित प्रचारप्रसारको अभाव तथा सुविधा सम्पन्न पर्यटकीय पूर्वाधारको अभावले पर्यटन क्षेत्रमा उल्लेख्य सुधार आउन सकेको छैन ।
- गत वर्षमा होटलहरुको औसत अकुपेन्सी २४.६९ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ४७.०६ प्रतिशत पुगेको छ ।
- विगत केही वर्षहरुमा कोभिड-१९ बाट अत्यन्तै प्रवाभित होटल तथा पर्यटन क्षेत्र, महामारीको असर कम हुँदै गएसँगै पर्यटकहरुको आगमन बढदै गएकोले होटलहरुको औसत अकुपेन्सी क्षमतामा सुधार देखिन्छ ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा २७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा सो संख्या अघिल्लो वर्षको तुलनामा ४८.६९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या १.८ प्रतिशतले घटेको छ । गत वर्षमा सो संख्या ४४.३६ प्रतिशतले बढेको थियो । त्यसैगरी समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन वापतको राजश्व ३४.५२ प्रतिशतले घटेर रु. ३० करोड ६ लाख ७८ हजार पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो राजश्व ५३.३७ प्रतिशतले बढेको थियो । सरकारले घरजग्गा कारोवारमा केहि समय कित्ताकाँटमा कडाई गरेको हुँदा अंशबन्डा मार्फत जग्गा बर्गीकरण गर्ने प्रवृती बढेको कारणले रजिष्ट्रेशन संख्यामा वृद्धि भएपनि राजश्वमा कमी आएको हुनसक्ने देखिन्छ ।

**रेखाचित्र ११: घरजग्गा कारोवारको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा नगरपालिका/गाउँपालिका कार्यालयहरु*

## ५.३ वित्तीय सेवा

२०७९ असार मसान्तसम्मको तथ्याङ्क अनुसार यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४५५ शाखा रहेका छन् (तालिका ८) । गत आर्थिक वर्ष २०७७/७८ को सोही वर्षसम्म यस प्रदेशमा जम्मा ४०६ वटा शाखा मात्र रहेका थिए । एक वर्षमा ४९ नयाँ शाखा विस्तार भई ४५५ पुगेका शाखा संख्यामा वाणिज्य बैंक (क वर्ग) का १९९ वटा, विकास बैंक (ख वर्ग) का २१ वटा, वित्त कम्पनी (ग वर्ग) का ३ वटा र लघु वित्त वित्तीय संस्था (घ वर्ग) का २३२ वटा रहेका छन् ।

**तालिका ८: बैंक तथा वित्तीय संस्थाको संख्या (जिल्लागत)**
**(२०७८ असार मसान्तसम्म)**

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २४ | १ | | ३० | ५५ |
| डोल्पा | १३ | | | ३ | १६ |
| हुम्ला | ९ | १ | | २ | १२ |
| जाजरकोट | १३ | १ | | १८ | ३२ |
| जुम्ला | २१ | १ | | १४ | ३६ |
| कालिकोट | १५ | | | १२ | २७ |
| मुगु | ८ | | | ५ | १३ |
| रुकुम पश्चिम | २० | २ | १ | २८ | ५१ |
| सल्यान | २५ | ५ | १ | ४५ | ७६ |
| सुर्खेत | ५१ | १० | १ | ७५ | १३७ |
| जम्मा | १९९ | २१ | ३ | २३२ | ४५५ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### ५.३.१ वित्तीय पहुँचको अवस्था

**क) शाखारहित बैंकिङ्ग**

२०७९ असार मसान्तसम्मको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा ४१ वटा शाखारहित बैंकिङ्ग रहेका छन् । यस्तो सेवा प्रवाहमा सुर्खेत सबैभन्दा अगाडि रहेको छ, यहाँ १६ वटा शाखारहित बैकिङ्ग रहेको देखिन्छ । दैलेख, रुकुम पश्चिम, सल्यान र कालिकोटमा क्रमश: ८ वटा, ३ वटा, ५ वटा र ३ वटा शाखारहित बैंकिङ्ग रहेका छन् । त्यस्तै, हुल्ला र मुगुमा


समान २ वटा तथा जाजरकोटमा १ वटा शाखारहित बैंकिङ्ग रहेको देखिन्छ । बाँकी दुई जिल्लाहरु डोल्पा र जुम्लामा भने यो किसिमको सेवा प्रवाह अझैसम्म पनि सुरु भएको छैन ।

**ख) एटिएम मसिन**

कर्णाली प्रदेशमा वित्तीय सेवा तथा सुविधाहरु अझैपनि पर्याप्त मात्रामा नरहेको कुरा यहाँ भएका एटिएम मसिन संख्याले पनि प्रष्ट पार्दछ । २०७९ असार मसान्तसम्मको तथ्याङ्कलाई दृष्टिगत गर्दा, डोल्पा जिल्लामा कुनैपनि बैंकको एटिएम मेसिन रहेको छैन ।

हुम्ला र मुगुमा समान २ वटा एटिएम मसिन रहेका छन् । कालिकोटमा ४ वटा, जाजरकोटमा ५ वटा तथा दैलेखमा ८ र जुम्लामा ९ वटा एटिएम मसिन रहेका छन् । त्यस्तै, रुकुम पश्चिम, सल्यान र सुर्खेतमा क्रमश: १० वटा, ११ वटा र ३७ वटा एटिएम रहेका छन् । यसरी हेर्दा, कर्णाली प्रदेशमा जम्मा ८८ वटा मात्र एटिएम मेसिन रहेको देखिन्छ । कर्णाली प्रदेशका सबै जिल्ला तथा क्षेत्रमा विद्युत् आपुर्ती साथै ईन्टरनेट पहुँच पुगिनसकेको हुँदा एटिएम मसिनलाई सोलार उर्जाले धान्न गाह्रो हुने तथा एटिएम बिग्रेको अवस्थामा समयमा मर्मत सम्भार हुन नसक्दा बैंकको प्रतिष्ठामा ह्रास आउने डरले बैंकहरु एटिएम बुथका लागि अग्रसर नभएको देखिन्छ ।

**रेखाचित्र १२: एटिएम बुथ संख्या (जिल्लागत)**
**(२०७९ असार मसान्तसम्म)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

**ग) डेबिट कार्ड, क्रेडिट कार्ड र प्रिपेड कार्ड**

२०७९ असार मसान्तसम्ममा कर्णाली प्रदेशमा जम्मा २ लाख ५४ हजार ६ सय ७२ डेबिट कार्ड प्रयोगकर्ता रहेका छन् । सबैभन्दा बढी सुर्खेतमा १ लाख २९ हजार २ सय ६६ र सबैभन्दा कम डोल्पा जिल्लामा ३ हजार ३ सय २४ डेबिट कार्ड प्रयोगकर्ता रहेका छन् । त्यस्तै, २०७९ असार मसान्तसम्ममा यस प्रदेशभर जम्मा २ हजार ५ सय ८५ जना क्रेडिट कार्ड प्रयोगकर्ता रहेको देखिन्छ । सबैभन्दा बढी क्रेडिट कार्ड प्रयोगकर्ता सुर्खेत जिल्लामा १ हजार ८ सय ५ जना र सबैभन्दा कम हुम्ला जिल्लामा १५ जना रहेका छन् ।

**घ) मोबाईल बैंकिङ्ग र ईन्टरनेट बैंकिङ्ग**


२०७९ असार मसान्तसम्ममा कर्णाली प्रदेशमा ५ लाख ५६ हजार १ सय ९० जना मोबाईल बैंकिङ्ग प्रयोगकर्ता रहेका छन् । सबैभन्दा बढी अर्थात् २ लाख २२ हजार ७ सय ३२ मोवाईल बैंकिङ्ग प्रयोगकर्ता सुर्खेतमा र सबैभन्दा कम प्रयोगकर्ता डोल्पा जिल्लामा १३ हजार ४ सय ४० जना रहेका छन् । त्यस्तै २०७९ असार मसान्तसम्ममा यस प्रदेशमा

जम्मा ११ हजार ३ सय ८० जना ईन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता रहेका छन् । जसमा सबैभन्दा बढी ७ हजार ९ सय ३१ ईन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सुर्खेतमा र सबैभन्दा कम प्रयोगकर्ता हुम्ला जिल्लामा ७४ जना रहेका छन् ।

### ५.३.२ निक्षेप तथा कर्जाको स्थिति

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप, गत आर्थिक वर्षको सोही वर्षको निक्षेपको तुलनामा ५.८७ प्रतिशतले वृद्धि भई रु. ६० अर्ब ३२ करोड ७८ लाख ६० हजार पुगेको छ। अघिल्लो वर्षमा यस्तो निक्षेप ३६.२४ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब ९८ करोड ३३ लाख ६० हजार पुगेको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा बढेको रेमिट्यान्स आप्रवाह, बैंकिङ्ग सेवामा आएको विस्तार तथा सर्वसाधारणको बचत गर्ने बानीमा आएको विकासले कुल निक्षेपमा वृद्धि भएको देखिन्छ । यद्यपि, राष्ट्रियस्तरमा नै देखिएको तरलता अभावका कारण अनुमान गरे बमोजिम निक्षेप संकलन भएको पाईंदैन ।
समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा ७.०१ प्रतिशतले बढेर रु. ५४ अर्ब ९२ करोड ९४ लाख ६० हजार पुगेको छ। अघिल्लो वर्षमा यस्तो कर्जा ४१.२२ प्रतिशतले बढेर रु. ५१ अर्ब ३३ करोड १७ लाख ७० हजार पुगेको थियो ।


**रेखाचित्र १३: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति (रु. दश लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

त्यस्तै, आ.व. २०७८/७९ को साउन देखि असार मसान्तसम्ममा यस प्रदेशको कर्जा तथा निक्षेप अनुपात ९१.०५ प्रतिशत रहेको छ। उक्त अनुपात आ. व. २०७७/७८ मा ८९.७१ प्रतिशत थियो ।


**रेखाचित्र १४: कर्णाली प्रदेशको कर्जा निक्षेपको अनुपात (प्रतिशतमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

२०७९ असार मसान्तसम्मको तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा संकलित निक्षेप तथा प्रवाहित कर्जाको विश्लेषण गर्दा, सुर्खेत जिल्ला सबैभन्दा अगाडि देखिन्छ। यस जिल्लामा समीक्षा वर्षसम्ममा रु.२१ अर्ब, ८८ करोड ३० लाख ८० हजार निक्षेप संकलन भएको छ भने, सोही वर्षसम्ममा रु. ३४ अर्ब, १६ करोड २९ लाख २० हजार कर्जा प्रवाहित भएको छ। त्यस्तै सबैभन्दा कम निक्षेप संकलन मुगु जिल्लामा रु. २ अर्ब १७ करोड ६२ लाख ३० हजार भएको छ भने डोल्पा जिल्लामा सबैभन्दा कम रु. ४९ करोड ७८ लाख ५० हजार कर्जा प्रवाह भएको छ।

**रेखाचित्र १५: निक्षेप तथा कर्जाको जिल्लागत स्थिति**
**(२०७९ असार मसान्तसम्म) (रु. दश लाखमा)**





*स्रोत: आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक*

### ५.३.३ अन्य वित्तीय विवरण

२०७९ असार मसान्तसम्ममा कर्णाली प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा संकलित कुल निक्षेपमध्ये सबैभन्दा धेरै बचत निक्षेपको अंश ५० प्रतिशत रहेको छ। त्यसैगरी चल्ती, मुद्दति र अन्य निक्षेपले क्रमश: २३ प्रतिशत, २१ प्रतिशत र ६ प्रतिशत हिस्सा ओगटेका छन्।

**रेखाचित्र १६: समीक्षा वर्षमा कुल निक्षेपको संरचना (प्रतिशत)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा यस प्रदेशमा निक्षेपकर्ताको संख्या २८.७७ प्रतिशतले वृद्धि भएर १६ लाख ८८ हजार ९ सय ६५ पुगेको छ। गत आर्थिक वर्षमा यो संख्या ३५.८१ प्रतिशतले वृद्धि भई १३ लाख ११ हजार ६ सय १५ पुगेको थियो। २०७९ असार मसान्तसम्म ऋणीहरुको संख्या २३.०७ प्रतिशतले वृद्धि भई ५२ हजार ९ सय १९ पुगेको छ भने गत वर्षमा यो संख्या २२.२४ प्रतिशतले वृद्धि भई ४२ हजार ९ सय ९८ पुगेको थियो।

**बक्स १: कर्णाली प्रदेशमा वाणिज्य बैंकका शाखा विस्तार**

देशका सम्पूर्ण ७५३ वटा स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखाको उपस्थिति हुनुपर्ने नीति बमोजिम २०७९ असार मसान्तसम्म कर्णाली प्रदेशका सबै ७९ स्थानीय तहहरुमा वाणिज्य बैंकको शाखा विस्तार भएको छ ।

- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्ममा थप ७ वटा शाखा विस्तार भई कर्णाली प्रदेशमा वाणिज्य बैंकहरुको शाखा संख्या १९९ पुगेको छ । जसमध्ये सबैभन्दा धेरै शाखा रुकुम पश्चिममा ३ वटा विस्तार भएका छन् ।
- सल्यान जाजरकोट, डोल्पा, जुम्ला र कालिकोट जिल्लामा समान १ वाणिज्य बैंकको शाखाहरु विस्तार भएका छन् भने सुर्खेत जिल्लामा वाणिज्य बैंकको १ शाखा घटेको छ । यस वर्षमा दैलेख मुगु र हुम्ला जिल्लामा कुनैपनि शाखा विस्तार भएका छैनन् ।
- समीक्षा वर्षसम्ममा सबैभन्दा धेरै ५१ वटा वाणिज्य बैंकको शाखा सुर्खेत जिल्लामा रहेका छन् भने सबैभन्दा कम ८ वटा वाणिज्य बैंकको शाखा मुगु जिल्लामा रहेका छन् ।
- कर्णाली प्रदेशमा रहेका वाणिज्य बैंकहरुमा २०७८ असार मसान्तसम्म करीव १४०० जना कर्मचारीहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ ।


| जिल्ला | २०७८ असार मसान्त | २०७९ असार मसान्त | शाखा विस्तार संख्या |
|---|---|---|---|
| रुकुम पश्चिम | १७ | २० | ३ |
| सल्यान | २४ | २५ | १ |
| सुर्खेत | ५२ | ५१ | -१ |
| | | | |
| दैलेख | २४ | २४ | ० |
| जाजरकोट | १२ | १३ | १ |
| डोल्पा | १२ | १३ | १ |
| जुम्ला | २० | २१ | १ |
| कालिकोट | १४ | १५ | १ |
| मुगु | ८ | ८ | ० |
| हुम्ला | ९ | ९ | ० |
| जम्मा | १९२ | १९९ | ७ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### ५.३.४ विपन्नवर्ग कर्जा, सहुलियतपूर्ण कर्जा र पूनरकर्जा

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको विपन्नवर्ग कर्जा अघिल्लो आर्थिक वर्षको तुलनामा ४२.११ प्रतिशतले ह्रास आई रु. ४ अर्ब ८९ करोड १ लाख ९० हजार पुगेको छ । गत वर्षमा सो कर्जा ९९.४१ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४४ करोड ७७ लाख ८० हजार पुगेको थियो । आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा कर्णाली प्रदेशमा रु.३ अर्ब ७ करोड १८ लाख ३० हजार सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ३६.९८ प्रतिशतले बढी हो । त्यस्तै २०७९ असार मसान्तसम्म यस प्रदेशमा रु. २ अर्ब ४१ करोड ९२ लाख ३० हजार पुनरकर्जा प्रवाह भएको छ ।

**रेखाचित्र १७: सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा र पूनरकर्जाको विवरण (रु.दश लाख)**





*स्रोत: नेपाल राष्ट्र बैक*

### ५.३.५ फण्ड ट्रान्सफर

यस प्रदेशका प्रत्येक जिल्लाहरुमा एक-एक वटा गरी जम्मा १० वटा नोटकोषहरु रहेका छन् । आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म यस प्रदेशका सबै नोट कोषहरुमा गरी जम्मा रु. १० अर्ब ७५ करोड १० लाख फण्ड ट्रान्सफर गरिएको छ । यो अघिल्लो आर्थिक वर्षको सोही मा गरिएको फण्ड ट्रान्सफरको तुलनामा १८.८३ प्रतिशतले कम हो । त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा सबैभन्दा धेरै रु. १ अर्ब ८० करोड फण्ड दैलेख जिल्लामा ट्रान्सफर भएको छ भने सबैभन्दा कम मुगु जिल्लामा २५ करोड फण्ड ट्रान्सफर भएको छ ।

**रेखाचित्र १८: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था**





*स्रोतः नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय*

### ५.४ यातायात तथा संचार

समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्यामा ८.०३ प्रतिशतले वृद्धि भई २० हजार ९ सय १५ पुगेको छ । गत वर्ष यो संख्या ५३.५८ प्रतिशतले वृद्धि भई १९ हजार ३ सय ६० पुगेको थियो ।

**रेखाचित्र १९: यातायात साधनको संख्या**




*स्रोतः यातायात व्यवस्था कार्यालय, सुर्खेत र जुम्ला*

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा मोटरसाईकलको संख्यामा ९.०६ प्रतिशतले वृद्धि भई १५ हजार ९ सय ३६ पुगेको छ भने अन्य सवारी साधनको संख्या ४.८७ प्रतिशतले बुद्धि भई ४ हजार ९ सय ७९ पुगेको छ ।


समीक्षा वर्षमा यस प्रदेशमा नेपाल टेलिकमबाट वितरित टेलिफोनको संख्या ४.६२ प्रतिशतले वृद्धि भएको छ भने अघिल्लो वर्ष सो संख्या २.९० प्रतिशतले बढेको थियो । नेपाल टेलिकमबाट समीक्षा वर्षसम्ममा कर्णाली प्रदेशभित्र जम्मा ७ लाख १२ हजार २ सय ८ टेलिफोन वितरण गरिएको छ। त्यस्तै समीक्षा वर्षमा यस प्रदेशमा एन-सेलबाट वितरित टेलिफोनको संख्या ६.६२ प्रतिशतले घटेको छ भने अघिल्लो वर्ष सो संख्या २.२० प्रतिशतले घटेको थियो । एन-सेलबाट समीक्षा वर्षसम्ममा कर्णाली प्रदेशभित्र जम्मा ३ लाख ४७ हजार ४ सय ३५ टेलिफोन वितरण गरिएको छ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या र ती अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा क्रमशः ८.७० प्रतिशत र ११.०८ प्रतिशतको वृद्धि भएको छ। त्यस्तै चिकित्सकहरुको संख्यामा ३.९१ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७७/७८ को असार मसान्तमा चिकित्सकको संख्यामा २६.७३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्ष सम्ममा यस प्रदेशमा जम्मा २५ वटा सरकारी/सामुदायिक अस्पताल र १ हजार २ सय ४३ वटा शैयाहरु रहेका छन्।
यस प्रदेशका दश जिल्लाहरुमध्ये रुकुम पश्चिममा ५, कालिकोटमा ६ र जाजरकोटमा ३ वटा सरकारी/सामुदायिक अस्पताल रहेका छन्। सुर्खेत, सल्यान, मुगु र दैलेखमा समान २ वटा र बाँकी जिल्लाहरुमा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन्।

समीक्षा वर्षमा यस प्रदेशमा निजी अस्पतालको संख्या २२ पुगेको छ। रुकुम पश्चिममा ४, सुर्खेतमा ११ र सल्यान ७ निजी अस्पताल रहेका छन् भने प्रदेशका अन्य बाँकी ७ जिल्लामा हालसम्म कुनैपनि निजी अस्पताल सञ्चालनमा छैनन्।

**रेखाचित्र २०: सरकारी/सामुदायिक अस्पतालको संख्या (जिल्लागत)**




*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय र जिल्लास्थित स्वास्थ्य सेवा कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशमा सरकारी तथा निजी विद्यालयको संख्या ३ हजार ४ सय १०, विद्यार्थी संख्या ६ लाख १९ हजार ५ सय १ र शिक्षक संख्या १५ हजार ५ सय १९ पुगेको छ। गत वर्षको तुलनामा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा ७.४८ प्रतिशतले विद्यार्थी संख्या बढेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा १.१९ प्रतिशतले बढेको देखिन्छ।

**तालिका ९: सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था**

| विवरण | आ.व. २०७६/७७ (साउन-असार) | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) |
|---|---|---|---|
| विद्यालय संख्या | ३१११ | ३१४९ | ३४१० |
| विद्यार्थी संख्या | ५६७७५३ | ५८०३८७ | ६१९५०१ |
| शिक्षक संख्या | १४७३८ | १५१४१ | १५५१९ |


*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

यस प्रदेशमा समीक्षा वर्षमा प्राविधिक शिक्षालयको संख्या, शिक्षकहरुको संख्या र विद्यार्थीको संख्या क्रमश: ७५, २ सय ९५ र ३ हजार ४ सय ११ रहेको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी संख्या ३ हजार ६१ रहेको थियो ।

### ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८४.२९ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। यस वर्षमा, सेवा क्षेत्रमा प्रवाहित कर्जा १६.९३ प्रतिशतले वृद्धि भई रु. ४६ अर्ब ३० करोड ७ लाख ८० हजार पुगेको छ भने गत आर्थिक वर्षमा यस्तो कर्जा ४८.३४ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ५९ करोड ७२ लाख ८० हजार पुगेको थियो ।


**रेखाचित्र २१: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा (जिल्लागत) (रु. दश लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा धेरै सुर्खेत जिल्लामा रु.२९ अर्ब ५७ करोड ८१ लाख (करिब ६३.८८ प्रतिशत) छ भने सबैभन्दा कम हुम्ला जिल्लामा रु. ३७ करोड ४ लाख (करिब ०.८० प्रतिशत) प्रवाह भएको छ ।

**रेखाचित्र २२: क्षेत्रगत सेवा कर्जा (रु. दश लाख)**




*स्रोत: नेपाल राष्ट्र बैंक*


समीक्षा वर्षमा सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा धेरै कर्जा थोक तथा खुद्रा विक्रेतातर्फ प्रवाहित भएको छ । २०७९ असार मसान्तसम्ममा यस्तो कर्जा १५.०४ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ३४ करोड ४७ लाख २० हजार पुगेको छ भने यस्तो कर्जाको हिस्सा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ३९.६२ प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा कम ८ करोड ११ लाख ५० हजार वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा प्रवाह भएको छ।

## ५.७ सहकारी क्षेत्र

कर्णाली प्रदेशका बचत तथा ऋण सहकारी संस्थाहरुको पुँजी, बचत, ऋण, सदस्य संख्या र ती संस्थाबाट सिर्जीत रोजगारी संख्याको अवस्था विश्लेषण गर्न रुकुम पश्चिमबाट ३, दैलेखबाट २, सुर्खेतबाट ४ र कालिकोटबाट १ गरी जम्मा १० वटा सहकारी संस्थाहरु छनौट गरी सो नमुनाका आधारमा यस प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन यहाँ प्रस्तुत गरिएको छ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजी ३०.७७ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो पुँजी ५९.३७ प्रतिशतले बढेको थियो । त्यस्तै, आर्थिक वर्ष २०७७/७८ को असार मसान्तमा २४.६७ प्रतिशतले बढेको कुल बचत चालु आर्थिक वर्षमा ६.१० प्रतिशतले बढेको देखिन्छ।

**रेखाचित्र २३: बचत तथा ऋण सहकारी संस्थाको अवस्था (रु. दश लाख)**




*स्रोत : सहकारी रजिष्टारको कार्यालय कर्णाली प्रदेश, सुर्खेत तथा सम्बन्धीत सहकारी संस्थाहरु*

समीक्षा वर्षमा कुल ऋण प्रवाह करिव १८.०४ प्रतिशतले वृद्धि भएको छ। यो तथ्याङ्क अघिल्लो आर्थिक वर्षमा करिव २८.२५ प्रतिशतले बढेको थियो । सहकारी संस्थामा आवद्ध सदस्य संख्यामा पनि समीक्षा वर्षमा वृद्धि भएको देखिन्छ। गत वर्षमा ८.५७ प्रतिशतले बढेको सदस्य संख्या समीक्षा वर्षमा ९.४६ प्रतिशतले वृद्धि भएको छ।

समीक्षा वर्षमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा ६.२५ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै गत वर्षमा ५.५६ प्रतिशतले घटेको सहकारी संस्थाको शाखा संख्या समीक्षा वर्षमा ५.८८ प्रतिशतले वृद्धि भएको छ । यस अध्ययनबाट यस प्रदेशका सहकारी संस्थाहरुले कुल पुँजी र कुल बचतको तुलनामा अधिक मात्रामा कर्जा प्रवाह गरेको प्रष्ट हुन्छ।

## बक्स १: जडिबूटी संकलन तथा प्रशोधनमा वायो कर्णाली एरोमा प्रा.लि. को भूमिका

*कृषि नेपालको आर्थिक विकास तथा सम्वृद्धिको एक महत्वपुर्ण आधार स्तम्भको रुपमा रहेको क्षेत्र हो । यद्यपि कर्णाली प्रदेशको भुगोल तथा मौसमका आधारमा यस प्रदेशको आर्थिक विकास तथा सामाजिक रुपान्तरणको लागि तुलनात्मक रुपमा जडिबुटी क्षेत्रको भुमिका रहने तर्क सहित वायो कर्णाली एरोमा प्रा.लि.को स्थापना गरिएको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतको बीरेन्दनगर नगरपालिका वडा नं. ३ मा मुख्य उत्पादन केन्द्र रहेको यस उद्योगको स्थापना मिति २०७२ माघ महिनामा भएको हो । साथै, सुर्खेतको भेरीगंगा नगरपालिका तथा चौकुने गाँउपालिकामा समेत उत्पादन तथा प्रशोधन गर्ने केन्द्रहरु रहेको र यस उद्योगबाट उत्पादित वस्तुहरुको विक्री तथा वितरण दिपिका इन्टरनेशनल प्रा. लि. बाट हुने गरेको छ ।*

*मुख्यगरी हिमाली तथा पहाडी भु-भागले ढाकेको कर्णाली प्रदेशमा विभिन्न प्रकृतिका बहुमुल्य जडिबुटिहरु पाईने भएको र हालसम्म यस क्षेत्रमा व्यवसायीक रुपमा कुनै व्यक्ति,फर्म, कम्पनी अग्रसर भई नसकेको कारणले जडिबुटिको संकलन तथा प्रशोधन मार्फत स्थानिय उत्पादनको उपयोग गरी कर्णाली प्रदेशकै आर्थिक विकास तथा रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले यो संस्था स्थापना गरिएको छ । चुक्ता पुँजी ९ लाख बाट कारोबार थालिएको यस उद्योगले मुख्य गरी फिनाईल, हेन्डवास, ट्वाईलेट क्लिनरको उत्पादन गर्ने गरेको छ भने विभिन्न सुगन्धित तेल तथा धुपहरुको समेत उत्पादन गर्दै आएको छ । Aroma Therapy, Anxiety, Mental Disorder जस्ता संवेदनशील रोग तथा समस्याको समाधान गर्न र अन्य आयुर्वेदिक उपचार, प्राकृतिक चिकित्सा, सुगन्ध चिकित्सा क्षेत्रको विकास गर्न आवश्यक तेल तथा वासनादार पर्फ्युमहरु उत्पादन गरी स्वदेश तथा विदेशमा समेत निर्यात गर्दै आएको छ ।*

*समीक्षा वर्षसम्म यस उद्योगले आठ प्रकारका विभिन्न वस्तुहरुको उत्पादनलाई निरन्तरता दिदै आएको छ । मुख्यतया सेतो फिनाईन, ट्वाईलेट क्लिनर, ग्लास क्लिनर, कालो फिनाईल, ह्याण्ड वास, लेमन ग्रास तेल, यूकालिप्टस तेल र कपुर तेलको उत्पादन तथा विक्री वितरणमा केन्द्रित रहेको यस उद्योगले कोरोना भाईरसको समयमा सेनिटाईजरको उत्पादन गरी कर्णाली प्रदेशभरी आफ्नो सेवा पुऱ्याएको थियो । उक्त समयमा अन्य उत्पादित वस्तुको व्यापार समेत राम्रो रहेकोमा पछिल्ला वर्षहरुमा बैंक तथा वित्तीय क्षेत्रमा तरलताको अभाव भएको कारण बैंकिग कर्जा खुम्चिएपछि उद्योगलाई आवश्यक पर्ने चालु पुँजीमा पुर्ती गर्न असहज भएकोले गत वर्षको तुलनामा समीक्षा वर्षमा वस्तुहरुको उत्पादन क्षमतामा क्रमशः कमि आएको छ । हेन्डवासको उत्पादनमा सवै भन्दा धेरै करिव ५० प्रतिशतले कमि आएको छ भने सवै भन्दा कम ट्वाईलेट क्लिनरको उत्पादनमा ११.२९ प्रतिशतले कमि आएको छ । त्यस्तै अन्य उत्पादित वस्तुहरुको उत्पादनमा समेत कमि आएको छ । समीक्षा वर्षमा सेतो फिनाईलको उत्पादन क्षमता ६ हजार ५ सय लि. रहेकोमा ५ हजार लि. उत्पादन भएको छ अर्थात ७६.९ प्रतिशतले उत्पादन क्षमताको उपयोग भएको छ । त्यसैगरी, ट्वाईलेट क्लिनर ६८.८ प्रतिशत, कालो फिनाईल ७० प्रतिशत र ह्याण्ड वास ५५.६ प्रतिशतले उत्पादन क्षमताको उपयोगको क्षमताको गिरावटमा छन् ।*

*समीक्षा वर्षमा यस उद्योगमा परिवारका सदस्यहरु वाहेक २ महिला तथा ३ पुरुष गरी जम्मा ५ जनालाई थप रोजगारी प्रदान गरिएको छ । व्यवस्थापक एक जनालाई मासिक रु.१६ हजार र अन्य कर्मचारीलाई मासिक रु. १५ हजार तथा अन्य भत्ता सुविधाहरु प्रदान गर्दा मासिक रु ८५ हजार बराबरको रकम कर्मचारीको तलवमा मात्र खर्च हुने गरेको छ । उत्पादन लागत तथा सम्पूर्ण खर्च घटाउँदा समेत उद्योग मासिक करिव सवालाख बराबरको मुनाफामा रहेको देखिन्छ । उत्पादित वस्तुहरुमा मुख्यतया तेल तथा पर्फ्यूम भएकाले गर्मियाममा उत्पादन गरिन्छ । चिसोयाममा भने जडिबुटीहरुको बृक्षारोपण गर्ने कार्य गरिन्छ । तेलहरुमा प्रयोग भएको कच्चा पदार्थमा मिश्रित Components छुट्याउन सकिने प्रविधिको जडान नहुँदा विदेशमा निर्यात हुने तेलहरुमा उत्पादित वस्तुको गुणस्तरमा प्रश्न चिह्न खडा भएको छ । यी कारणहरुबाट सम्भावित आम्दानी घटेको छ भने बजार विस्तारमा समेत कठिनाई उत्पन्न भएको छ ।*

*हालको अवस्था हेर्दा जडिबुटी क्षेत्रमा निकै सम्भावना रहेको भएता भनि यसको व्यवसायिक खेती नभएको तथा उत्पादन, प्रशोधन र बजारीकरण समेतका कार्य गर्ने एउटै उद्योग भएका कारण यस क्षेत्रको उल्लेख्य विकास हुन सकेको छैन । माग अनुसारको उत्पादन तथा प्रशोधन गर्न सकेमा यस क्षेत्रमा कम्तिमा पनि ४०० जनालाई रोजगारी दिन सकिने सम्भावना रहेको छ । यस्तै विश्व बजारमा हाल ५ लाख टन बराबरको माग भएको सुगन्धित तेल जम्मा १ लाख २० हजार टन मात्र पुर्ति हुन सकेको छ । यसकारण यस्ता जडिबुटीको उत्पादनलाई ठुलो स्केलमा बढाउन सकेमा यस प्रदेशमा बाँझो रहेको जमिन सदुपयोग हुने, वर्षा समेत नचाहिने हुँदा सिँचाई सुविधा नभएको जमिन समेत उपयोग हुने हुँदा प्रदेशमा थप रोजगारी सिर्जना भई समग्र जिवनस्तर नै माथि उठ्ने तथा विदेशी मुद्रा समेत बढ्ने देखिन्छ । सुगन्धित जडिबुटी लगाउँदा जंगली जनावरले पनि गन्धको कारणले असर पार्न नसक्ने भएको हुँदा उक्त ठाँउहरु समेत उपयोग गर्न सकिन्छ ।*

*मुख्यतया जडिबुटी क्षेत्रको महत्व तथा आवश्यकताका विषयमा जनचेतनाको अभाव भएको, संघीय सरकार तथा प्रदेश सरकारका योजनामा प्रथामिकतामा पर्न नसकेको, नविनतम प्रविधिको अनुसरण गरी व्यवसायीकरण गर्न नसकिइको, आवश्यकता अनुसार उचित क्षेत्रमा कर्जा, सहुलियतपुर्ण कर्जा तथा अनुदान पुग्न नसकेको, कठिन भौगोलिक बनावटका कारण सहज बजारीकरण हुन नसकेकोले यस क्षेत्रको विकास तथा प्रवर्द्धनमा थप समस्या रहेको देखिन्छ ।*

### ५.८ सेवा क्षेत्रको चूनौती र सम्भावना

#### ५.८.१ चूनौती

- भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत् लगायतका पूर्वाधारहरुको द्रुततर रुपमा विकास गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै यस प्रदेशमा पर्यटकीय जनशक्तिको विकास गरी पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु ।
- यस प्रदेशमा पर्याप्त स्वास्थ्य संस्थाहरुको अभाव, तथा दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपस्थितिले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।
- पर्यटन व्यवसायको प्रचूर सम्भावना भएको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात, पर्यटकस्तरीय होटल तथा होमस्टे लगायत मनोरञ्जनात्मक क्रियाकलापहरुको उपयुक्त व्यवस्था गरी आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गराइ औषत बसाईदर बढाउनु ।
- कठिन भौगोलिक बनावटले सडक तथा हवाईको सहज पहुँच नहुँदा यातायातका साधनहरु सञ्चालन जोखिमपूर्ण रहेकोले मानिसहरु आवतजावत गर्न र उत्पादित वस्तु ओसारपसार गर्ने कार्यलाई सहज बनाउनु । अन्य प्रदेशको तुलनामा सबैभन्दा कम वित्तीय पहुँच भएको यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको पर्याप्त शाखा विस्तार तथा वित्तीय साक्षरतामार्फत वित्तीय पहुँच अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- यस प्रदेशमा भौगोलिक बिकटताका कारण शिक्षण संस्था सहज पहुँच नहुनु र दक्ष शिक्षक यस प्रदेशका हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा जान नमान्ने अवस्था रहेकोमा आवश्यकता अनुसार सहज रुपमा विद्यालय/क्याम्पस स्थापना तथा दक्ष शिक्षकहरुलाई विभिन्न प्रोत्साहन कार्यक्रमद्धारा आकर्षण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

#### ५.८.२ सम्भावना

- यस प्रदेशमा से-फोक्सुण्डो, रारा, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु रहेकोले आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका साथै पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसाय को उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा नेट/इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा नेट/इन्टरनेटको विस्तारको उच्च सम्भावना रहेको छ । त्यस्तै, सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको विकास भई रोजगारी बढ्ने सम्भावना रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले साना तथा मझौला क्षेत्रको विकास गर्दै कर्जा विस्तारको सम्भावना उच्च रहेको छ ।
- यो प्रदेश शिक्षा, स्वास्थ्य, पर्यटन, रियलस्टेट लगायत अन्य सेवा क्षेत्रमा पछि परेकाले यी विविध क्षेत्रहरुको विकास र विस्तार गर्न सकिने सम्भावना उच्च रहको छ ।


# परिच्छेद ६
# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ सडक

कर्णाली प्रदेशको सडक सञ्जालमा कच्ची सडक र पक्की सडक गरी करीब १,४४१.१९ कि.मि. सडक सञ्चालनमा रहेको छ। सञ्चालनमा रहेका सडकहरुको उपयुक्त स्तरमा मर्मत-संभार, सुधार तथा पुनर्स्थापना गरी सडक यातायातलाई थप भरपर्दो र सुरक्षित बनाउन आवश्यक रहेको छ ।

**रेखाचित्र २४: सडक सञ्जाल (किलोमिटर)**




*स्रोत: रणनीतिक सडक नेटवर्क (SSRN),सडक विभाग*

सडक विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा कालीकोट, दैलेख, सल्यान र सुर्खेत जिल्लामा पक्की सडकको तुलनामा कच्ची सडकको खासै विस्तार भएको देखिँदैन तथापी, यी जिल्लाहरुमा पक्की सडक क्रमश ६५.९ कि.मी., १४८.८१ कि.मी., १४५.०८ कि.मी. र १८९.२८ कि.मी. छ भने कच्ची सडक क्रमश: ३६ कि.मी., १३३ कि.मी., ३४.४२ कि.मी. र ३० कि.मी. रहेको छ । त्यसैगरी, जुम्ला, जाजरकोट र रुकुम पश्चिम जिल्लामा कच्ची सडकको तुलनामा पक्की सडक सञ्जालको खासै विस्तार भएको देखिदैन । त्यस्तै, यी जिल्लाहरुमा कच्ची सडक क्रमश ९४.७६ कि.मी., १६०.४४ कि.मी. र ६३.७३ कि.मी. रहेको छ भने पक्की सडक क्रमश ३१ कि.मी., ३७ कि.मी.र ४७.४ कि.मी. रहेको छ ।

डोल्पा, मुगु र हुम्ला जिल्लामा भने कच्ची सडक मात्र बिस्तार भएको देखिन्छ जहाँ क्रमश: १०७.२६ कि.मी., २७.११ कि.मी. र ९० कि.मी. कच्ची सडक रहेको छ भने यी हिमाली क्षेत्रका अधिकांश जिल्लाहरुमा सडकहरु कालोपत्रे गरिएका छैनन् । कर्णाली प्रदेश अन्य प्रदेशभन्दा ठूलो र भौगोलिक रुपमा विकट रहेकाले यहाँ सडक सञ्जालको अपेक्षित रुपमा विस्तार हुनसकेको छैन ।

**मध्यपहाडी लोकमार्ग**

मध्यपहाडी लोकमार्ग, आयोजना प्रतिवेदन २०११ अनुसार यो सडकमार्ग पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्ज्याङ्ग देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म १ हजार ७ सय ७६ किलोमिटर लामो रहेको छ। कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखलाई समेटेको यस सडकमार्गको करिव २ सय ३० किलोमिटर सडकखण्ड यस प्रदेशभित्र पर्दछ जसमा मुसिकोट-चौरजहारी ४३ किलोमिटर, चौरजहारी-दैलेख १०३ किलोमिटर, दैलेख-दुल्लु-लैनचौर ३९ किलोमिटर र लैनचौर-सातला-साईजुला ४५ किलोमिटर सडकखण्ड रहेको छ ।

**कर्णाली राजमार्ग**

कर्णाली प्रदेशको राजधानी सुर्खेतदेखी दैलेख र कालिकोट हुँदै जुम्लासम्मको २३२ किलोमिटर सडकखण्ड नै कर्णाली राजमार्ग हो । वि.सं. २०५० सालमा शिलान्यासगरी निर्माण कार्यको थालनी गरिएको यो राजमार्ग २०६५ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । कर्णाली नदिको किनारै किनार भएर जाने यो राजमार्गमा प्राप्त मात्रामा सडक मापदण्डहरुको विकास नहुँदा बारम्बार सडक दुर्घटना हुने गरेकोले यस प्रदेशको विकासको सम्वाहकको रुपमा रहेको यो राजमार्गको यथाशिघ्र विकास तथा स्तरोन्नती गर्नुपर्ने देखिन्छ ।

**कर्णाली करिडोर**


यो सडकखण्ड कालिकोट जिल्लाको खुलालुदेखि सुरुभई हुम्ला जिल्लाको सलिसल्लासम्म करिव १२३ किलोमिटर रहेको छ । कर्णाली प्रदेशलाई भारत तथा चीनसँग जोड्ने सडकको रुपमा भारतको रुपैडिहा नाकालाई हिल्सा हुदै तिब्बतसम्म जोड्ने उद्देश्यले कर्णाली करिडोरको निर्माण गरिएको हो । कूल लागत रु. १ अर्ब ६५ करोड रहेको यो सडक नेपाली सेनाले आठ वर्ष लगाएर निर्माण सम्पन्नगरी आ.व. २०७७/०७८ को अन्त्यतिर नेपाल सरकार, सडक विभागलाई हस्तान्तरण गरेको छ । भौगोलिक विकटताको कारण राष्ट्रिय राजमार्गसँग जोडिन नसकेको हुम्ला जिल्ला यस करिडोरको निर्माणपश्चात राष्ट्रिय सडकसञ्जालसँग आबद्ध भएको छ । कालिकोट तथा बाजुरा जिल्लामा समान ४४ किलोमिटर र हुम्ला जिल्लामा ३५ किलोमिटर रहेको यस सडकखण्डले कर्णाली तथा सुदुरपश्चिम प्रदेशमा सकारात्मक आर्थिक प्रभावपार्ने देखिन्छ । यद्यपि यस सडकमा कालोपत्रे तथा अन्य स्तरोन्नतिको कार्य अपेक्षाकृतरुपमा हुन नसकेकोले सवारीसाधन आवागमनमा कठिनाई भएको देखिन्छ ।

सडक पूर्वाधारको कमी तथा भौगोलिक अवस्थाले गर्दा यातायातको पहुँचको रुपमा हवाई सेवाको भूमिका यस प्रदेशमा महत्वपूर्ण रहेको छ । यद्यपि, प्रतिकुल मौसम तथा विमानस्थलहरुको समयसापेक्ष विस्तार एवम् स्तरोन्नति हुन सकेको छैन ।

### ६.१.२ विद्युत

कर्णाली प्रदेश क्षेत्रफलको हिसाबले अन्य प्रदेशभन्दा ठूलो तथा भौगोलिक रुपमा विकट भएकोले यहाँका हरेक घर तथा वस्तीमा बिजुलीको सुविधा पुर्याउनु आफैंमा चुनौतीपूर्ण रहेको छ । आर्थिक वर्ष २०७८/७९ सम्म यस प्रदेशको विद्युत प्रसारण लाईन ७,९१३ कि.मी. पुगेको छ । आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको विद्युत प्रसारण लाईन ५,६५४ कि.मी. पुगेको थियो ।

**रेखाचित्र २५: विद्युत उत्पादन (मेगावाट आवर)**




*स्रोत: नेपाल विद्युत प्राधिकरण*

यस प्रदेशमा ११ मेघावाट बिद्युत उत्पादन भएको छ जसमध्ये सबैभन्दा बढी दैलेख जिल्लामा ८.५५ मेघावाट र अन्य जिल्लाहरु डोल्पा, मुग, हुम्ला, जुम्ला, कालीकोट रुकुमपश्चिम, र ,सुर्खेतमा क्रमश ०.२ मेघाबाट, ०.४ मेघाबाट, ०.५ मेघाबाट, ०.२ मेघाबाट, ०.४ मेघाबाट, ०.३५ मेघाबाट, र ०.३५ मेघाबाट बिद्युत उत्पादन भएको छ ।

यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला र ४ मेगावाट क्षमताको माथिल्लो लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १२ मेगावाट क्षमताको रुरुबन्चु खोला-२ जलविद्युत आयोजनाको निर्माण कार्य भईरहेको छ । यी बाहेक कर्णाली प्रदेशमा ८२.३ मेगावाट क्षमताको जगदुल्ला-ए, १९०२ मेगावाट क्षमताको मुगु कर्णाली, १३५ मेगावाट क्षमताको चेरा-१, ४८० मेगावाट क्षमताको फुकोट कर्णाली लगायतका अन्य जलविद्युत परियोजनाहरु अध्ययनको क्रममा रहेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चूनौती र सम्भावना

### ६.२.१ चूनौती

- कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुर्ननिर्माण कार्यहरुको लागत अत्याधिक हुनु ।
- यस प्रदेशमा रहेका विमानस्थलहरुको विकास, बिस्तार तथा उचित व्यवस्थापन गरी सुरक्षित तथा भरपर्दो बनाउनु । कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका वैकल्पिक माध्यमहरुको विकास गर्नु ।
- यस प्रदेशमा सिँचाईमा नयाँ प्रविधिको प्रयोग गर्नु, ठुला सिँचाई आयोजना संचालन गर्नका लागि आवश्यक लगानी जुटाउनु,
- यस प्रदेशको करिव ९४.५ प्रतिशत घरधुरीमा खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने परम्परागत उर्जाको स्रोतलाई बैकल्पिक उर्जाले प्रतिस्थापन गर्नु ।
- संघ, प्रदेश र स्थानीय निकायबीच आपसी समन्वय गर्नु सडक मार्ग, जलविद्युत उत्पादन तथा प्रसारण र विमानस्थल लगायतका पूर्वाधारको विकास गर्नु ।
- यस प्रदेशका सबै जिल्लाहरुमा प्रदेश राजधानी सुर्खेतबाट सहज, सुलभ तथा गुणस्तरिय सडक र हवाई सञ्जालको विकास गर्नु ।
- यस प्रदेशमा रहेका जलाधारहरुको अधिकतम उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु ।
- भौगोलिक रुपमा अति विकट यस प्रदेशमा प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनेगरेको छ ।

### ६.२.२ सम्भावना

- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादनका साथै सिँचाई सुविधाको विस्तार गर्न सकिने सम्भावना रहेको छ ।
- कठिन भू-बनोटले सडक विकासका सम्भावना कम भएका क्षेत्रमा सुरुङ्ग मार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको छ ।
- यस प्रदेशमा पर्यटन व्यवसायको उपयुक्त गन्तव्य तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण भौगोलिक बनावट रहेकोले आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना उच्च रहेको छ ।
- कर्णाली तथा भेरी जस्ता ठुला नदी रहेको यस प्रदेशमा जलयातायातको प्रचुर संभावना रहेको छ ।
- यो प्रदेश बनपैदावर तथा जडिबुटीजन्य वस्तुहरुका उत्पादनको भण्डार भएकोले त्यस्ता वस्तुहरुलाई प्रशोधनगरी औषधिजन्य वस्तुकोरुपमा उत्पादन तथा बिक्रीवितरण गर्न सकिने सम्भावना उच्च रहेको छ ।
- पूर्वाधार लगानीमा द्विपक्षीय तथा बहुपक्षिय विकास साझेदारहरुको सहयोगमा पूर्वाधार क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

### ६.३.१ वैदेशिक रोजगारी

श्रम तथा रोजगार कार्यालय, सुर्खेतका अनुसार आर्थिक वर्ष २०७८/७९ मा कर्णाली प्रदेशबाट रोजगारीका लागि भारत लगायत अन्य मुलुक जानेको संख्या ६७ हजार ५ सय ८२ जना रहेको छ। यो संख्या नेपालको कुल वैदेशिक रोजगारीमा जाने संख्याको ३.१ प्रतिशत हो । जसको, करिब ७१ प्रतिशत अर्थात् ४८ हजार २ सय १४ जना भारत र बाँकी संख्या तेस्रो मुलुक गएको देखिन्छ । त्यस्तै, सोही वर्षमा वैदेशिक रोजगारीबाट यस प्रदेशमा भित्रीएकामध्ये करिब ३२ प्रतिशत जनसंख्या रोजगारीमा संलग्न रहेका छन् ।

### ६.३.२ आन्तरिक रोजगारी

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार कर्णाली प्रदेशमा रहेको १ लाख ५३ हजार ७ सय ४६ सूचीकृत बेरोजगार जनसंख्यालाई रोजगारीको अवसर प्रदान गरी निरपेक्ष गरिबीको दरलाई उल्लेख्य रुपमा घटाउन कर्णाली प्रदेशका जम्मा ७९ वटा स्थानीय तहमध्ये ७५ वटा स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको छ ।

**तालिका १०: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण (कर्णाली प्रदेश)**

| स्थानीय तहको संख्या | कार्यक्रम सञ्चालन भएका स्थानीय तह संख्या | आयोजना संख्या | रोजगारी प्रदान गरिएका व्यक्तिहरुको सख्या | रोजगारी प्रदान गरिएको औषत दिन | जम्मा रोजगारी दिन |
|---|---|---|---|---|---|
| **७९** | ७५ | २७०८ | ३४,८८८ | ७५ | २५,९९,९०१ |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।*

समीक्षा वर्षमा यस कार्यक्रम अन्तर्गत २ हजार ७ सय ८ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् भने जम्मा ३४ हजार ८ सय ८८ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन् (तालिका १०) । कर्णाली प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु. १२ अर्ब, ३ करोड, ४९ लाख विनियोजित बजेट मध्ये हालसम्म सञ्चालित आयोजनाको कुल बजेट रु. १ अर्ब ९२ करोड ६० लाख ४३ हजार ६९० पुगेको छ ।

त्यस्तै, आर्थिक वर्ष २०७५/७६ देखी कर्णाली प्रदेशका वेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न, आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न र सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्याउन कर्णाली प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिरहेको छ ।

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्मा १०५५ वटा आयोजना सञ्चालनमा ल्याएको कर्णाली प्रदेशले उल्लेख्य मात्रामा रोजगारी संख्या सिर्जना गरेको अनुमान गर्न सकिन्छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेशका अनुसार यस कार्यक्रम मार्फत सबैभन्दा बढी, सुर्खेत जिल्लामा १५४ वटा आयोजना सञ्चालनमा रहेका छन् । त्यस्तै, सबैभन्दा कम आयोजना मुगु जिल्लामा, ६५ वटा रहेका छन् । सल्यान, दैलेख, रुकुम पश्चिम र कालिकोटमा क्रमश: १५० वटा, १२२ वटा, ११० वटा र १०६ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् । त्यस्तै, जाजरकोटमा १०५ वटा, जुम्लामा ९६ वटा, हुम्लामा ७७ वटा र डोल्पामा ७० वटा आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

## ६.४ रोजगारीका चूनौती र सम्भावना

### ६.४.१ चूनौती

- यस पदेशको जनसंख्याको ठुलो हिस्सा रहेको युवालाई आवश्यक तालिम केन्द्रको स्थापना गरी दक्ष जनशक्ति उत्पादन गर्नु ।

- यस प्रदेशमा रहेका दक्ष जनशक्तिलाई सिप, क्षमता र दक्षता अनुसारको रोजगारी सिर्जना गरी अधिकतम परिचालन गर्नु ।

- यस प्रदेश अन्य प्रदेशको तुलनामा अति भौगोलिक विकटताका कारण दक्ष जनशक्ति यस प्रदेशमा रोजगार गर्न नचाहने तथा भएका दक्ष जनशक्ति टिकाई राख्नु प्रमुख समस्या रहेका छन । उचित पारिश्रमिक तथा विभिन्न प्रोत्साहनको माध्यमबाट दक्ष जनशक्ति यस प्रदेशमा आकर्षण गर्नु ।

- यस प्रदेशमा उर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु ।

### ६.४.२ सम्भावना

- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गर्न सकिने देखिन्छ ।
- यस प्रदेशमा शे-फोक्सुण्डो, रारा, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु प्रवर्द्धन गरी प्रर्याप्त मात्रामा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- यस प्रदेशमा कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा व्यवहारीक सिप तथा क्षमता विकासका तालिम केन्द्रहरु स्थापना गरी जनसंख्याको ठुलो हिस्सा रहेको युवाहरुलाई सिप तथा तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादनको गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७
# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था JICA द्वारा सन् १९९८ र १९९९ मा गरिएको सम्भाव्यता अध्ययन अनुसार भेरी नदीको पानी बबई नदीमा खसाली जलविद्युत उत्पादन गर्न सम्भव हुने देखिएको थियो । हिमनदी स्रोत भएका नेपालका नदिहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गरी विकसित सिंचाई प्रणालीमार्फत कृषि उत्पादनलाई बढाउने र मुलुकमा खाद्य संकटको अवस्था आउन नदिने उद्देश्य अनुरुप नेपालमा सिंचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आ.व. २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा यो आयोजना स्थापना गरिएको थियो ।

संशोधित समय तालिका अनुसार आ.व. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । जसमा भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख रहेको छ । सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाको चिप्लेस्थित भेरी नदीमा करिव ११४ मिटर लामो व्यारेज सहित ४.४ मिटर ब्यास र १२.२ कि. मि. लामो सुरुङ्गमार्फत ४० घनमिटर प्रतिसेकेण्ड पानी बबई नदीमा खसालिने छ र नियमित रुपमा २ ओटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ ।

यसरी हेर्दा वार्षिक करिव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिने लक्ष्य रहेको देखिन्छ । साथै, आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भुमिमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध हुनेछ ।

आ.व. २०७४/०७५ को मूल्य निर्धारण अनुसार वार्षिक रु.७.१३ अर्ब रुपैयाँ आम्दानी गर्न सक्ने क्षमताको यस आयोजनाबाट आयोजना प्रभावित क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु संचालन गरी आयोजना क्षेत्रको बासिन्दाहरुको सामाजिक तथा आर्थिक स्तरोन्नति हुने अनुमान छ। वि.सं २०७४ कार्तिक २० बाट TBM Technology प्रयोग गरी सुरु गरिएको १२.२ कि.मि. लामो सुरुङ्ग निर्माण कार्यको Breakthrough २०७६ बैशाख ३ गते सम्पन्न भएको छ ।

**तालिका ११: आ.व. २०७८/७९ को असार मसान्त सम्मको वित्तीय तथा भौतिक प्रगती**

| कार्यको विवरण | वार्षिक बजेट (रु करोडमा) | आषाढ मसान्तसम्मको खर्च (रु करोडमा) | वित्तीय प्रगति (प्रतिशतमा) | भौतिक प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| **भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना** | ३३१९.६६ | १४०५.९८ | ४२.३५ | ५९.२ |
| **भेरी करिडोर सिंचाई विकास आयोजना** | ३६१.११ | १२२.७७ | ३४ | ४०.८ |
| **जम्मा** | ३६८०.७७ | १५२८.७४ | ४१.५३ | |
| **चालु** | | १४.३३ | | |
| **कुल जम्मा** | ३६८०.७७ | १५४३.०७ | ४१.९२ | ५७ |

*स्रोत: भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना ।*

## ७.२ प्रादेशिक सरकारी वित्त


आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म कर्णाली प्रदेशको कर राजश्व ७.१५ प्रतिशतले तथा गैरकर राजश्व ५०.८९ प्रतिशतले वृद्धि भई क्रमशः रु. ८ अर्ब ११ करोड ८७ लाख ९७ हजार ४ सय ८५ र रु. २६ करोड १६ लाख १ हजार ५ सय ९९ गरी जम्मा रु. ८ अर्ब ३८ करोड ३ लाख ९९ हजार ८५ राजश्व संकलन भएको छ। गत वर्षमा कर्णाली प्रदेशको कर राजश्व ३२.४३ प्रतिशतले र गैर कर राजश्व २८.८२ प्रतिशतल वृद्धि भएको थियो। यस आर्थिक वर्षमा नेपाल सरकारबाट कर्णाली प्रदेश सरकारले समानीकरणतर्फ रु. १० अर्ब १४ करोड २१ लाख, सशर्ततर्फ रु. ४ अर्ब ९२ करोड ३३ लाख, विशेषतर्फ ६१ करोड ३० लाख र समपुरक तर्फ ८१ करोड ३५ लाख अनुदान प्राप्त गरेको छ।

**तालिका १२: कर्णाली प्रादेश सरकारको सरकारी वित्त स्थिती (रु करोड)**

| शिर्षक | उप-शिर्षक | आ.व. २०७६/७७ (साउन-आषाढ) | आ.व. २०७७/७८ (साउन-आषाढ) | आ.व. २०७८/७९ (साउन-आषाढ) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| खर्च | चालु खर्च | ७३४.४९ | ८४७.६७ | ९०८.४७ | १३.३५ | ६.६९ |
| | पूँजीगत खर्च | ९५३.५३ | १,४२७.५३ | १,४७४.६९ | ३३.२० | ३.२० |
| राजस्व | कर राजश्व | ५१२.४४ | ७५८.३८ | ८११.८८ | ३२.४३ | ६.५९ |
| | गैर कर राजश्व | ९.१५ | १२.८५ | २६.१६ | २८.८२ | ५०.८९ |
| अनुदान | समानीकरण | ९८४.८३ | ९६३.२९ | १,०१४.२१ | - २.२४ | ५.०२ |
| | सशर्त | ३२६.६२ | ४३१.८५ | ४९२.३४ | २४.३७ | १२.२९ |
| | विशेष | ८१.०० | ४४.०० | ६१.३० | - ८४.०९ | २८.२२ |
| | समपुरक | ४६.८९ | २५.०० | ८१.३५ | - ८७.५६ | ६९.२७ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।*

**रेखाचित्र २६: कर्णाली प्रदेशको चालू तथा पुँजीगत खर्च विवरण (रु. करोड)**




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।*

समीक्षा वर्षमा चालु खर्च शिर्षकमा रु. ९ अर्ब ८ करोड ४७ लाख राजश्व परिचालन भएको छ भने गत वर्ष रु. ८ अर्ब ४७ करोड ६७ लाख राजश्व परिचालन भएको थियो। गत वर्ष पुँजीगत खर्चतर्फ रु. १४ अर्ब २७ करोड ५३ लाख रकम परिचालन भएकोमा समीक्षा वर्षमा भने ३.२० प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ७४ करोड ६९ लाख पुगेको छ।

समिक्षा वर्षमा कर्णाली प्रदेशका प्रमुख पाँच स्थानीय तहको कुल बजेट तथा खर्चको विवरण अनुसार सबैभन्दा बढि खर्च वीरेन्द्रनगर नगरपालिकाको ७८.९९ प्रतिशत भएको छ भने सबैभन्दा कम सिमिकोट गाउँपालिका ५६.३५ प्रतिशत खर्च रहेको छ। समिक्षा वर्षमा वीरेन्द्रनगर नगरपालिकाको कुल बजेट १ अर्व ५६ करोड ५३ लाख रहेकोमा कुल खर्च १ अर्व २३ करोड ६३ लाख भएको छ।

**तालिका १३: कर्णाली प्रदेशका प्रमुख पाँचवटा स्थानीय तहको वित्तीय विवरण (रु. करोड)**
**आर्थिक वर्ष २०७८/७९**

| स्थानीय तहको नाम | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **वीरेन्द्रनगर नगरपालिका** | १५६.५३ | १२३.६३ | ७८.९९ |
| **नारायण नगरपालिका** | ५७.१२ | ४३.४६ | ७६.०९ |
| **चन्दननाथ नगरपालिका** | ६४.८० | ४९.८७ | ७६.९६ |
| **शारदा नगरपालिका** | ५७.५१ | ३५.६३ | ६१.९६ |
| **सिमिकोट गाउँपालिका** | ४६.६९ | २६.३१ | ५६.३५ |

*स्रोत: सम्बन्धित स्थानीय तह बजेट (आर्थिक वर्ष २०७८/८९)*

त्यस्तै कुल बजेट ५७ करोड १२ लाख रहेको नारायण नगरपालीकाको खर्च ४३ करोड ४६ लाख रहेको छ, जुन कुल बजेटको ७६.०९ प्रतिशत हो। ६४ करोड ८० लाख कुल बजेट रहेको चन्दननाथ नगरपालिकाको खर्च ४९ करोड ८७ लाख रहेको छ। ६१.९६ प्रतिशत खर्च गरेको शारदा नगरपालीकाको कुल बजेट ५७ करोड ५१ लाख रहेको छ भने खर्च ३५ करोड ६३ लाख रहेको छ। सिमिकोट गाउँपालीकामा कुल बजेट ४६ करोड ६९ लाख रहेकोमा खर्च २६ करोड ३१ लाख रहेको छ, जुन कुल बजेटको ५६.३५ प्रतिशत रहेको छ।

# परिच्छेद ८
# आर्थिक परिदृष्य

नेपालको अर्थतन्त्र र यससँग प्रत्यक्षरुपले जोडिएका कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका क्षेत्रहरु समीक्षा वर्षमा भने केही चलायमान भएका छन् । कोभिड-१९ महामारीको असर विस्तारै कम हुँदै गएको र अर्थतन्त्रले पुरानै लय समातेको परिप्रेक्ष्यमा, सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग गरिएको सर्वेक्षण तथा अन्तरक्रियाका आधारमा आगामी महिनाहरुमा यस प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृश्य यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

- कर्णाली प्रदेशका विभिन्न जिल्लामा सिंचाई आयोजना तथा कृषिजन्य बीउविजन अनुदानका कार्यक्रमहरु स्वीकृत भएकोले यस प्रदेशको समग्र कृषि उत्पादनमा सुधार हुने देखिन्छ ।
- दूध संकलन तथा व्यवसायिक फार्महरुको सञ्चालन, सरकारले कृषि बाली तथा पशु बीमाको प्रिमियममा प्रदान गरेको अनुदान, बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आइरहेको सहुलियतपूर्ण कर्जाको निरन्तरता तथा व्यवसायिक कृषकलाई अनुदानको व्यवस्थाका कारणले दूध उत्पादन आगामी वर्षमा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- सरकारले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई कृषि अनुदान, पकेट क्षेत्र निर्माण आदि सुविधा ग्रामीण क्षेत्रमा पनि विस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपन्छी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ, यद्यपि हाल कोभिड माहामारीको अवस्था सामान्य रहेकोले सहुलियत तथा अनुदानको मात्रा घट्न सक्ने देखिन्छ ।
- कर्णाली प्रदेशका विभिन्न जिल्लामा बाख्रा तथा भेडापालनमा सहुलियतपूर्ण कार्यक्रमहरु, पशु बीमाको प्रिमियममा सहुलियत दिने तथा स्थानीय कृषकहरु अग्रसर भई दाना उद्योग समेत स्थापना हुँदै गएकाले मासु, अण्डा र ऊन उत्पादन आगामी वर्षमा बढ्ने अनुमान गरिएको छ ।
- ढलेका रुखहरुको सदुपयोग, वन उपभोक्ता समुहको अग्रसरता, नेपाल सरकारको वन व्यवस्थापन कार्यक्रमको निरन्तरता, सालको कटानी तथा यार्सागुम्बाको संकलनमा लगाईएको बन्देज माथिको फुकुवा, अवैध वन फडानीको नियन्त्रण एवम् वनस्पतीजन्य वस्तुहरुको संरक्षणमा सरकारको क्रियाशिलताले काठ, दाउरा र जडीबुटी उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

- विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ का कारण सबैभन्दा बढी मारमा परेका क्षेत्रहरु विस्तारै पुरानो लयमा फर्कंदै छन । यद्यपि तरलताको अभाव र नीतिगत कडाईका कारण औद्योगिक क्षेत्रमा केहि नकारात्मक असर पर्ने देखिन्छ । औद्योगिक क्षेत्रलाई मध्यनजर गरेर बजेटमा उद्योगको विकास र विस्तारका लागि केही कार्यक्रमहरु ल्याएकोले यस प्रदेशको समग्र औद्योगिक उत्पादन आगामी वर्षमा बढ्ने देखिन्छ ।
- कृषि, वन तथा पेय पदार्थजन्य उत्पादनमा दिइने औद्योगिक कर्जामा भएको वृद्धिसँगै यस सम्बन्धी उत्पादन बढ्ने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

- समीक्षा वर्षको सुरुवाती चरणबाट नै पर्यटन क्षेत्र सुधारोन्मुख देखिएको तथा पर्यटकस्तरिय होटलहरुको स्थापना, नयाँ-नयाँ पर्यटन क्षेत्रको पहिचान हुदै गएकाले होटल तथा पर्यटन क्षेत्रको वृद्धिमा वढोत्तरी हुने अनुमान छ ।

- समीक्षा वर्षमा घर जग्गाको कित्ताकाट बन्दसंगै घरजग्गाको राजस्वमा आएको उच्च गिरावट घर जग्गाको कित्ताकाट खुलेसंगै आगामी दिनमा सुधार हुने देखिन्छ । वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या विस्तारै समाधान हुँदै गएकाले आगामी वर्षमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ ।

- ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि थ्रिजी, फोरजी आदिको पूर्वाधार निर्माण पछि द्रुततर रुपमा अघि बढेकाले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ ।

- ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको थालनी हुँदै गएकाले आगामी वर्षमा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ ।

- कर्णाली प्रदेशका विकट पहाडी तथा हिमाली भेगमा समेत बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार साथै सहुलियतपूर्ण कर्जा, कृषी कर्जा, विपन्नवर्ग कर्जा, प्राथमिकताका आधारमा कर्जा लगायतका प्रविधिमैत्री वित्तीय सेवाको विस्तार बढेकाले आम जनसमुदायमा वित्तीय साक्षरता र वित्तीय पहुँचको वृद्धि हुने देखिन्छ ।

### ८.४ पूर्वाधार क्षेत्र

- देश संघीय संरचनामा गएसंगै संघ, प्रदेश र स्थानीय तहको संयूक्त प्रयासमा यस प्रदेशमा सडक तथा विद्युत विस्तार सुचारु हुने देखिन्छ । निर्माण कार्यका लागि अत्यावश्यक सामग्री आयातमा तथा दक्ष जनशक्तिको आपूर्तिमा सहजता आएसँगै यस प्रदेशमा निर्माणाधीन मध्यपहाडी लोकमार्ग, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिने देखिन्छ ।

- कर्णाली प्रदेशका अधिकांश हिमाली जिल्लामा सडक सञ्जाल नपुगेको तथा पुगेको ठाउँमा पनि कालोपत्रे नभएको अवस्थामा, प्रदेश तथा स्थानीय सरकारको अग्रसरतामा त्यस्ता ठाउँमा सडक विस्तार तथा स्तरोन्नति हुन सक्ने भएकोले कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ ।